काठमाडौं महानगरपालिका कार्यालय

यँ महानगरपालिका ज्याःकुथि

# Kathmandu Metropolitan City Office

महानगर सुधार कार्यक्रम , २०६४

# Metropolitan Reform Porgram, 2008

## हाम्रो प्रण

स्वस्थ, सुन्दर, सुसँस्कृत उच्च प्रविधि युक्त समृद्ध र व्यवस्थीत राजधानी शहर निर्माण गर्ने दृष्टिकोण लिएको प्रस्तुत महानगर सुधार कार्यक्रमको मार्ग चित्रमा उल्लेखित विभिन्न कृयाकलापहरु तोकिएको समय सिमा भित्रै कार्यान्वयन गरी व्यवस्थित काठमाडौं शहर निर्माण गर्न हामी सम्पूर्ण विभागीय प्रमुखहरु महानगरवासीमा प्रण गर्दछौं । साथै हाम्रा सेवाहरुलाई महानगरवासीको इच्छा र चाहना बमोजिम नयाँ व्यवस्थापकीय उपकरणका माध्यमबाट गुणस्तरीय, मितव्ययी, प्रभावकारी, जनमैत्री, बनाउँदै लगिने कुरामा समेत प्रतिबद्धता व्यक्त गर्दैछौं ।

श्री शंकरराज कडेंल
(प्रमुख)
नीजि साझेदारी कार्यक्रम
का.म.पा.

श्री शान्ताराम पोखरेल
(प्रमुख)
प्रशासन तथा संगठन विकास विभाग

श्री देवेन्द्र डंगोल
(प्रमुख)
भौतिक विकास तथा निर्माण विभाग

श्री विमल रिजाल
(प्रमुख)
शहरी विकास विभाग

श्री बावुराम गौतम
(प्रमुख)
जनस्वास्थ्य तथा सामाजिक व्यवस्था विभाग

श्री महेन्द्रलाल श्रेष्ठ
(प्रमुख)
आर्थिक व्यवस्थापन विभाग

# काठमाडौं महानगर सुधार कार्यक्रम संचालन समितिको परिचय

अध्यक्ष

श्री दिनेश कुमार थपलिया
कार्यकारी अधिकृत

| सदस्य | सदस्य | सदस्य | सदस्य |
|---|---|---|---|
| श्री झंकनाथ ढकाल<br>स.कार्यकारी अधिकृत | श्री शंकरराज कंडेल<br>विभागीय प्रमुख | श्री शान्ताराम पोखरेल<br>विभागीय प्रमुख | श्री देवेन्द्र डंगाल<br>विभागीय प्रमुख |

| सदस्य | सदस्य सचिव | सदस्य | सदस्य |
|---|---|---|---|
| श्री विमल रिजाल<br>विभागीय प्रमुख | श्री नूरनीधि न्यौपाने<br>सचिवालय प्रमुख | श्री वसन्त आचार्य<br>कानून अधिकृत | श्री राम प्रसाद पौडेल<br>शाखा अधिकृत |

| सदस्य | सदस्य |
|---|---|
| श्री युवराज खनाल<br>शाखा अधिकृत | श्री गंगाधर गौतम<br>शाखा अधिकृत |

**विषय सूचि** **पेज**


१. प्रस्तावना १

२. दीर्घकालीन सोंच २

३. नीति तथा कार्यनीति

४. सुधारका क्षेत्रहरु

५. मार्ग चित्र

६. कार्यान्वयन रणनीति

७. निश्कर्ष



**प्रकाशन सहयोगी**
श्री युगल किशोर गौतम
श्री प्रबल बज्राचार्य
श्री तोइन्द्र सापकोटा
श्री विष्णु ब.बोगटी

**प्रकाशक**
***महानगर सुधार कार्यक्रम***
***काठमाडौं महानगरपालिका***
लैनचौर ।
फोन नं.: ४-४३०३७७
Fax: 977-1-4443742
Website: www. kathmandu.gov.np

## प्रकाशकीय

आदरणीय महानगरवासी समक्ष काठमाडौं महानगरपालिकाबाट उपलब्ध गराउने सेवा सुविधाहरुलाई गुणस्तरीय, परिणाममूलक, जनमैत्री र प्रभावकारी बनाउँदै, समग्र सेवा प्रवाहमा सेवाग्राहिको पहुँचलाई सरल र सहज बनाउन प्रेषित सुधार कार्यक्रमको मार्गचित्रले महत्वपूर्ण भूमिका निर्वाह गर्ने छ भन्ने हाम्रो विश्वास छ । मार्गचित्रको कार्यान्वयनबाट कार्यालयको कार्य सम्पादनमा उल्लेख्य सुधार आई नगरवासीको नजिकको सेवाप्रदायक संस्था “स्थानीय सरकार” लाई हेर्ने दृष्टिकोणमा परिवर्तन मात्र हुने नभई राजधानीको समग्र विकास र शहरी व्यवस्थापनमा अपेक्षित सुधार भै स्वस्थ, सुन्दर, सुसँस्कृत, उच्च प्रविधियुक्त, समृद्ध र व्यवस्थित राजधानीका रुपमा रुपान्तरण गर्ने महानगरपालिकाको दीर्घकालीन सोंच साकार हुन मद्दत पुग्नेछ ।

मार्गचित्रको कार्यान्वयन पश्चात महानगरपालिकाका क्षेत्रगत नीतिहरु प्रष्ट हुने, दीर्घकालीन योजना तर्जुमा हुने तथा बजेट निर्माण र योजना कार्यान्वयन प्रकृयामा पारदर्शीता कायम भई समुदाय परिचालन मार्फत भौतिक पूर्वाधार विकासमा नगरवासीले अपनत्व अनुभव गर्ने वातावरण श्रृजना हुने अपेक्षा गरिएकोछ । यसबाट विकेन्द्रीकरण, सहभागिता, साझेदारी र सहकार्यको पूर्ण अभ्यास हुन गई महानगरपालिकाको शासकिय प्रणालीमा व्यापक सुधार हुनेछ भन्ने हामीले ठानेका छौं ।

कुनै पनि संगठनका प्रशासनिक र व्यवस्थापकीय जटिलतालाई क्रमशः सम्बोधन गरिँदै लगिँदा स्वभावतः कर्मचारीहरुमा काम प्रतिको लगाव बढ्न जाने, मनोवल उच्च हुने एवम् उत्तरदायी र जवाफदेहि कर्मचारी संयन्त्र विकास हुन गई सुशासनको प्रत्याभूति बढ्न जानेछ । महानगर सुधार कार्यक्रमको मार्ग चित्रले निर्दिष्ट गरेको महानगरपालिकाका कर्मचारीलाई कार्यतालिका सहितको कामकारवाहीलाई सहज बनाउने, श्रृजनशील बनाउने तथा कर्मचारीको कार्य सम्पादनमा आधारित व्यवस्थापन प्रणालीले एकातिर कर्मचारीहरुको बृत्ति विकासको मार्ग प्रसस्त गरेको हुनेछ भने अर्कोतिर सेवाग्राहीलाई सेवाप्रदायक पदाधिकारीले दिने Note of Service Deny ले सेवाग्राही प्रति पदाधिकारी बढी जवाफदेही हुनेछन् ।

महानगर सुधार कार्यक्रमको प्रस्तुत मार्गचित्रमा उल्लेखित उद्देश्य र क्रियाकलापहरुलाई आवश्यकतानुसार परिमार्जन र परिवर्तन समेत गर्दै कार्यान्वयन गर्दै लगिने हाम्रो प्रतिवद्धता रहेको कुरा निवेदन गर्दै यसलाई नितान्त मौलिक दस्तावेजको रुपमा स्वीकार गरिदिन सम्पूर्ण महानगरवासी, सरोकारवाला, नागरिक समाज, सामुदायिक संस्था, नीजि क्षेत्र समक्ष अपिल गर्दछौं । यस मार्गचित्रलाई प्रस्तुत स्वरुपमा ल्याउन आफ्नो अमुल्य समय र सहयोग प्रदान गर्ने आदरणीय व्यक्तित्वहरुः डा.हिरामणी घिमिरे, डा.दामोदर अधिकारी, डा.श्री कृष्ण श्रेष्ठ, श्री खेमराज नेपाल, श्री लिलामणी पौडेलज्यू, श्री गंगादत्त अवस्थिज्यू, श्री किशोर थापाज्यू, श्री रेश्मी राज पाण्डेज्यू लगायत प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने अन्य महानुभाव प्रति हार्दिक आभार व्यक्त गर्दछौं । साथै मार्गचित्र तयार गर्ने क्रममा अभिभावकत्व प्रदान गर्नुहुने कार्यकारी अधिकृत श्री दिनेश कुमार थपलियाज्यू प्रति सुधार कार्यक्रम सदैव अनुग्रहित रहनेछ । सुधार कार्यक्रमको तयारी र कार्यान्वयनमा सहयोग सुझाव उपलब्ध गराउनु हुने सहायक कार्यकारी अधिकृत, सबै विभागीय प्रमुख, महाशाखा प्रमुख, अधिकृत, महानगरपालिकामा क्रियाशील विभिन्न पेशागत संघ संगठन तथा अन्य कर्मचारीहरुको सद्भाव, श्रृजनात्मक सुझाव तथा सुधार प्रतिको चिन्तनले यहाँसम्म आउन सम्भव भएकोले सबै क्षेत्रबाट निरन्तर सहयोगको अपेक्षाका साथ सुधार कार्यक्रमको यो मार्गचित्र प्रस्तुत गर्न चाहान्छौं ।

**काठमाडौं महानगरपालिका**
**महानगर सुधार कार्यक्रम**

# महानगर सुधार कार्यक्रम , २०६४
# Metropolitan Reform Porgram, 2008

## १.प्रस्तावना

काठमाडौं महानगरपालिका देशको राजधानी नगर भएकोले यसको स्थानीय, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय महत्व र जिम्मेवारी रहेको छ । वि सं. १९७६ सालमा काठमाडौं म्युनिसिपालिटीको गठन सम्बन्धी सनद जारी भई सफाई अडड्ाको रुपमा स्थापना भएको यस नगरलाई शहरी सेवा सुविधाको व्यवस्थापनमा बढी जिम्मेवार र उत्तरदायी तुल्याई सेवा प्रवाहमा गुणात्मकता र गुणस्तर अभिबृद्धि गर्ने उद्देश्यले वि.सं. २०५२ साल मंसिर २९ गते महानगरपालिकोे रुपमा स्थापना गरिएको हो । यसै अनुसार काठमाडौं महानगरलाई **स्वस्थ, सुन्दर, सुसँस्कृत, समृद्ध, उच्च प्रविधियुक्त (High Tech) र व्यवस्थित राजधानी शहरका** रुपमा विकास गर्ने ध्येयका साथ महानगरपालिकाबाट विभिन्न सेवा सुविधाको प्रवाह र विकास निर्माण सम्बन्धी कार्यहरु हुँदै आएका छन् । त्यसैले नगरमा रहेका ऐतिहासिक, पुरातात्विक र साँस्कृतिक सम्पदाहरुको संरक्षण सम्बर्द्धन तथा शहरी पूर्वाधारहरुको समयानुकूल विकास र विस्तार गरी महानगरबासीहरुलाई सरल, सुलभ र प्रभावकारी सेवा प्रदान गर्ने प्रमुख दायित्व र जिम्मेवारी काठमाडौं महानगरपालिकाको रहदै आएको छ ।

शहरी पूर्वाधारको निर्माण, विकास र व्यवस्थापन देखि लिएर महानगरबासीका दैनिक आवश्यकतासँग सम्बन्धित सामान्य प्रकृतिका कामकारवाहीहरु सहज रुपमा उपलब्ध गराउने सम्मका विविध कार्य गर्ने दायित्व र जिम्मेवारी बोकेको यस महानगरपालिकाले आफ्नो भूमिकालाई समयसापेक्ष सुधार र परिवर्तन गर्न आवश्यक देखिएको छ । यसका लागि काठमाडौं महानगरपालिकाले विद्यमान संगठन संरचना, सेवा प्रवाह प्रणाली, आर्थिक व्यवस्थापन, विकासका कार्य लगायतका समग्र क्रियाकलापहरुलाई परिणाममूलक, व्यावसायिक र जनकेन्द्रित बनाउदै नयाँ सार्वजनिक व्यवस्थापनका आधारभूत तत्वहरुलाई समेत आत्मसात गर्दै सेवाग्राहीलाई उच्चतम सन्तुष्टि प्रदान गर्न उपयुक्त कार्यप्रणाली विकास गरी अवलम्बन गर्नुपर्ने भएको छ । यसको लागि महानगरपालिकाले संगठन विकास र सुधारको अवधारणा र यसका सैद्धान्तिक एवं व्यावहारिक पक्षहरुको अध्ययन र विश्लेषणद्वारा आफ्नै पहल र अग्रसरतामा सुधारका प्रक्रियालाई आन्तरिकीकरण गरी यसलाई परिणामुखी बनाउन यो कार्यक्रम अगाडि सारेको छ ।

यसअघि काठमाडौं महानगरपालिकाको संस्थागत सुधार र समग्र विकासका सवालमा केही कामहरु भए तापनि त्यसको ठोस एवं एकीकृत संस्थागत प्रयत्न नभएको हाम्रो अनुभव छ । विगतमा भएका प्रयासहरु अपर्याप्त, अनियोजित एवं समयानुकूल नभएका वा तत्कालीन परिवेशमा राम्रा ठानिएका सोच, योजना र कार्यक्रमहरु राम्ररी कार्यान्वयन हुन नसकेका कारण महानगरपालिकाको समग्र सुधार हुन नसकेको स्थिति रह्यो । यसर्थ महानगरपालिकाले वर्तमान सुधारको कार्यक्रमलाई अगाडि बढाउँदा संगठन संरचना, काम कर्तव्य एवं अधिकारको स्थिति, जनप्रतिनिधि र कर्मचारीहरुको कार्य क्षेत्र र जिम्मेवारीको स्पष्टता, विद्यमान कर्मचारी व्यवस्था र कार्यविवरण, निर्णय प्रक्रिया र कार्यविधि, स्रोत साधनको उपलब्धता र व्यवस्थापन क्षमता, कर्मचारीहरुको क्षमता, जवाफदेहिता, उत्प्रेरणा, वृत्ति विकासको अवस्था, मानव संसाधन विकास र व्यवस्थापन, सार्वजनिक सेवा प्रवाहको स्थिति, सरोकारवालाहरुका भूमिका र जिम्मेवारी तथा महानगरबासीहरुको अपेक्षा र दृष्टिकोण जस्ता पक्षहरुमा सहभागितात्मक पद्धतिको माध्यमबाट विस्तृत बहस, छलफल र अध्ययन गरी महानगर सुधारको यस कार्यक्रमलाई अगाडि बढाउन आवश्यक देखिएको छ । यसबाट परिवर्तनका चुनौतीहरुलाई व्यवस्थित गरी उपलब्ध स्रोत साधनहरुको सक्षमतापूर्वक परिचालन र संगठनको समग्र क्षमताको विकासद्वारा महानगरपालिकाको उद्देश्य हासिल गर्ने नियोजित प्रक्रियाको रुपमा म.सु.का. स्थापित हुनेछ भन्ने विश्वास गरिएको छ ।

काठमाडौं महानगरपालिकाको प्रशासनिक, आर्थिक एवं संरचनात्मक ढाँचामा व्यापक सुधार गरी महानगरपालिकाले सम्पादन गर्ने सेवामूलक तथा विकासात्मक क्रियाकलापहरुमा पारदर्शिता, जनसहभागिता र प्रभावकारिता अभिबृद्धि गर्न एवं महानगरपालिका प्रति महानगरवासीको अपनत्व वृद्धि गर्न यो सुधार कार्यक्रम कोशेढुङ्गा सावित हुनेछ भन्ने हाम्रो विश्वास रहेको छ । सुधारको प्रक्रिया निरन्तर, गतिशील र अनिवार्य भएकाले तथा यसले महानगरलाई यथास्थितिबाट अपेक्षित दिशा तर्फ अग्रसर हुन ठोस सहयोग पुऱ्याउनेछ भन्ने ध्येयले म.सु.का.को मार्गचित्र तयार गरिएको हो । यो मार्गचित्र तयार गर्दा वर्तमान कानूनी पक्षका अतिरिक्त संगठनको मौजुदा स्थितिको साथै आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक व्यवस्थापन कार्य एवं प्रशासनिक वातावरणको समग्र अध्ययन गरी विगतका प्रवृति,

उपलब्धि, समस्या, चुनौती तथा भावी सम्भावना र अवसरको विश्लेषण गर्ने प्रयास गर्दै यो सुधार कार्यक्रम लागू गर्दा संगठनका आन्तरिक र बाह्य पक्ष तथा अन्य परिस्थितिजन्य विषयहरुले प्रभावित तुल्याउन सक्ने कुरालाई समेत मध्यनजर राखिएको छ ।

अन्तमा महानगरपालिकाबाट प्रवाह हुने सेवा सुविधा छिटो, छरितो, सरल र गुणस्तरीय ढंगले पाउनु महानगरबासीको अधिकार हो र उक्त सेवा सुविधा तोकिएको समय, मूल्य र परिमाणमा गुणात्मक तथा प्रभावकारी ढंगले जनसमक्ष पुऱ्याउनु महानगरपालिकाको नैतिक जिम्मेवारी र वैधानिक दायित्व हो भन्ने कुरालाई केन्द्र विन्दुमा राखी तयार गरिएको यो सुधार कार्यक्रम कार्यान्वयन गर्दा महानगरबासीको हीत र कल्याणलाई नै प्राथमिकता दिइनेछ । महानगरपालिकाको समग्र दायित्व र जिम्मेवारी पूरा गर्ने सशक्त माध्यम भनेका चुस्त संगठन, सक्षम एवं उत्प्रेरित जनशक्ति, उत्तरदायी जनप्रतिनिधि र सचेत नगरवासी नै हुन् भन्ने कुरालाई सुधार कार्यक्रम संचालन गर्दा हमेशा ख्याल राखिनेछ । त्यसैले महानगरपालिकाका जनप्रतिनिधि एवं कर्मचारीहरुमा महानगर क्षेत्रको विकासका लागि अनुकूल वातावरण (Conducive Environment) को सिर्जना गर्ने ध्येय, सुधारमुखी सोंच, परिवर्तनशील संस्कार, श्रृजनशील व्यवहार, जनमुखी कार्यशैली र यथास्थितिबाट फड्को मार्ने अठोटको अभिवृद्धिद्वारा सुधारको कार्यक्रमले वाञ्छित उपलब्धि हासिल गर्नेछ भन्ने विश्वासका साथ सुधार कार्यक्रमको मार्गचित्र तल प्रस्तुत गरिएको छ ।

## २.दीर्घकालीन सोच

*"स्वस्थ, सुन्दर, सुसंस्कृत, समृद्ध, उच्च प्रविधियुक्त र व्यवस्थित राजधानी शहर"*

## ३. नीति तथा कार्यनीति

काठमाडौं महानगरपालिकाले निर्दिश्त गरेको दीर्घकालीन सोंच *"स्वस्थ, सुन्दर, सुसंस्कृत, समृद्ध, उच्च प्रविधियुक्त र व्यवस्थित राजधानी शहर"* अनरुप आफ्ना समर्ग गतिविधिहरुलाई अगाडि बढाउन आठवटा मख्य नीतिगत क्षेत्र निर्धारण गरेको छ । उक्त क्षेत्रगत नीति तथा कार्यनीतिहरु देहाय बमोजिम रहनेछन् ।

## ३.१.शहरी विकास

१) महानगरक्षेत्रभित्र निर्माण गरीने भवनहरुमा भूकम्प प्रतिरोधात्मक प्रविधिको अबलम्बन गर्न भवन निर्माण मापदण्ड र भवन निर्माण संहिता (Building Code) प्रभावकारी ढंगले कार्यान्वयन गरीनेछ । का.म.पा. क्षेत्रभित्र भवन निर्माण गर्दा Vertical Growth को अवधारणालाई व्यवहारमा लागू गर्न सम्बद्ध निकायहरुको सहभागितामा भवन निर्माण मापदण्ड संशोधन गरी लागू गरीनेछ । महानगरपालिकाको कुनै खास क्षेत्रमा खास प्रकारका भवन वा भौतिक संरचनाका लागि निश्चित प्रकारका मापदण्ड, शर्त र डिजाइन तोक्ने र नियन्त्रण गर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

२) महानगरपालिकासँग सीमाना जोडिएका तथा उपत्यकाभित्रका शहरीकरणतर्फ उन्मुख गाउँ विकास समितिहरुमा शहरी अवधारणा अनुरुप भौतिक पूर्वाधार विकास गर्न सम्बद्ध निकायहरुको सहयोग र समन्वयमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन पहल गरीनेछ । त्यस्ता क्षेत्रहरुको भौतिक पूर्वाधार विकास, जग्गा विकास, एकीकृत योजना तर्जुमा र भवन निर्माण मापदण्डको कार्यान्वयन गर्ने कार्यमा साझेदारी र सहकार्य गरीनेछ ।

३) सहभागितामूलक पद्धति अबलम्बन गरी महानगरका समस्या, अवसर, चुनौती र सम्भावनाको विश्लेषणको आधारमा महानगरपालिकाको आवधिक योजना तयार गरीनेछ । महानगरको समग्र विकास निर्माणका कार्यहरु सञ्चालन गर्न सबै सरोकारवालाहरुसँग समन्वय गरी यसै आवधिक योजना अनुरुप विकास निर्माण र सेवा प्रवाहको कार्यलाई अगाडि बढाउने पद्धतिको संस्थागत विकास गरीनेछ ।

४) व्यवस्थित शहरीकरणको निमित्त तथ्यांकमा आधारित योजना तर्जुमा प्रक्रियालाई संस्थागत गर्न नगरको Digital आधार नक्सा र भू-उपयोग नक्सा अध्यावधिक गरीनेछ । यसको आधारमा योजना तर्जुमा तथा शहरी विकाससँग सम्बन्धित योजना तथा कार्यक्रमहरु सञ्चालन गरीनेछ।

५) निजीक्षेत्रबाट सञ्चालित घरघडेरी तथा आवास विकास कार्यक्रमलाई शहरी विकासको मापदण्ड अनुसार महानगरपालिकाको समन्वयमा मात्र सञ्चालन गर्न पाउने गरी आवश्यक नीति तर्जुमा गरी लागू गरीनेछ ।

६) शहरी आवागमन तथा यातायात प्रणालीलाई व्यवस्थित गर्न सम्बद्ध निकाय तथा निजीक्षेत्रको सहभागिता, साझेदारी र सहकार्यमा ट्राफिक आइल्याण्ड र सडक पेटीको व्यवस्थापन तथा आम यातायात प्रणालीको सुधार गर्ने कार्यलाई अगाडि बढाइनेछ ।

७) महानगरपालिकाक्षेत्रभित्र रहेका विभिन्न सार्वजनिक पर्ति, ऐलानी तथा नदी उकास जमिनहरुको संरक्षण र उपयोग गर्न सो को विवरण अध्यावधिक गरीनेछ। यसको आधारमा स्वस्थ शहरको अवधारणा अनुसार खुल्लाक्षेत्र, सार्वजनिक बगैंचा, उद्यानको संरक्षण र व्यवस्थापन गरीनेछ ।

८) महानगरपालिकाको व्यवस्थापन र सञ्चालनमा रहेका सभागृह, सार्वजनिक उद्यान, सार्वजनिक शौचालय, आकाशेपुल, जमिन, भवन, बसपार्क, बस बिसौनी, खेलकुद मैदान आदिको व्यवस्थापनमा सुधार गरी उपार्जनीय कार्यमा लगाउन निश्चित शर्तको आधारमा प्रतिस्पर्धात्मक प्रक्रिया अबलम्बन गरी निजी तथा सामुदायिक क्षेत्रलाई निर्माण, सञ्चालन र व्यवस्थापनको जिम्मेवारी सुम्पदैं जाने नीति लिइनेछ ।

९) शहरी यातायात व्यवस्था सुदृढीकरणको लागि विभिन्न पार्किङ्ग स्थलहरुको पहिचान गरीनेछ । त्यस्ता स्थलहरुमा प्रतिस्पर्धात्मक पद्धति अबलम्बन गरी सःशुल्क पार्किङ्ग व्यवस्थापनमा निजीक्षेत्रलाई सहभागी गराइनेछ ।

१०) सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको समस्या समाधान गर्न केन्द्रीय सरकार र अन्य निकायहरुसँग समन्वय गरी उपयुक्त कार्यक्रमहरु सञ्चालन गरीने छन् । सार्वजनिक जमिनमा भएको अतिक्रमण तथा अनियमित बसोबासलाई योजनाबद्ध ढंगले क्रमशः हटाउँदै सार्वजनिक जमिनलाई सार्वजनिक हितमा उपयोग गर्ने व्यवस्था मिलाइनेछ ।

११) भवन निर्माण अनुमति नलिई भवन निर्माण गर्ने, नक्सापास विपरित भवन निर्माण गर्ने र भवन निर्माण सम्पन्न प्रमाणपत्र नलिने लगायत मापदण्ड विपरित निर्माण गर्ने प्रवृत्तिहरुलाई निरुत्साहित गर्न श्रोत, साधन र अधिकार सम्पन्न संयन्त्रको निर्माण गरी कार्यान्वयन गरीनेछ ।

१२) महानगरपालिका क्षेत्र भित्रका पुरातात्विक तथा धार्मिक महत्वका क्षेत्रहरुमा निर्माण हुने भौतिक संरचनाहरु पौराणिक कला संस्कृति झल्कने प्रकृतिबाट निर्माण गर्न ईच्छुक व्यक्ति, संस्था वा निकायहरुको लागि का.म.पा.ले विशेष सहुलियत दिईने नीति लिइनेछ ।

## ३.२.भौतिक पूर्वाधार विकास

१) महानगरक्षेत्रमा व्यवस्थित सडक तथा ढलको समूचित व्यवस्था गर्न **जनताको सहभागितामा नगरको विकास** भन्ने अवधारणा अनुसार जनसहभागितामा आधारित सडक तथा ढल निर्माण कार्यलाई अगाडि बढाइनेछ । यस्ता योजना सञ्चालन गर्दा न्यूनतम सहभागिता तोकी स्थानीय जनताको सहभागिता बढी भएको तथा उनीहरुबाट सञ्चालन र व्यवस्थापनको जिम्मेवारी लिइएका योजनाहरुलाई प्राथमिकता दिइनेछ ।

२) महानगरक्षेत्रमा खानेपानी तथा ढल सुविधा विस्तार गर्न नेपाल खानेपानी संस्थान, महानगरपालिका र सम्बन्धित उपभोक्ताको साझेदारीमा संरचना निर्माण, व्यवस्थापन र सेवा विस्तारको कार्यलाई अगाडि बढाइनेछ । यस क्षेत्रमा भएको महानगरपालिका र उपभोक्ताको लगानीको आधारमा सेवा शुल्कको रकम महानगरपालिकाले पाउने व्यवस्थाको लागि सम्बन्धित निकायमा पहल गरीनेछ ।

३) महानगरक्षेत्रका सबै सडक तथा मुख्य चोकहरुमा सडक बत्तीको आवश्यक व्यवस्था र सडक बत्ती महसुलको समुचित व्यवस्थापन गर्न महानगरपालिका,

नेपाल विद्युत प्राधिकरण, निजीक्षेत्र र नागरीक समाजको सहकार्य र सहभागितामा उपयुक्त कार्यक्रम बनाई लागू गरीनेछ ।

४) महानगरक्षेत्रका सडक र फुटपाथको नियमित, पटके, आवधिक मर्मत सम्भार, पुनर्स्थापना र स्तरोन्नतिको कार्यलाई अगाडि बढाउन सडक मर्मत सम्भार कोषको स्थापना गरीनेछ । महानगरपालिका, सडक बोर्ड र अन्य निकायहरुबाट यस क्षेत्रमा प्राप्त हुने रकमलाई यसै कोष मार्फत सञ्चालन गरीनेछ ।

५) काठमाडौं महानगरको सडक यातायात गुरुयोजना (Metropolitan Transport Master Plan) तयार गर्ने कार्य प्रारम्भ गरीनेछ । सडक निर्माण सम्बन्धी सम्पूर्ण कार्यहरु उक्त गुरुयोजना र सडक सञ्जाल (Road Network) को आधारमा मात्र गरीने पद्धतिलाई संस्थागत गरीनेछ ।

६) महानगरपालिकाको प्रशासनिक व्यवस्थालाई सुदृढ र भरपर्दो तुल्याउन महानगरपालिकाको स्वामित्वमा रहेका भवनहरुको नियमित मर्मत सम्भार गरीनेछ । वडा कार्यालयहरुको भवनको आवश्यकतालाई मध्यनजर राखी क्रमशः वडा भवन निर्माण गर्दै लगिनेछ । हाल सार्वजनिक जग्गामा भएका वडा कार्यालयहरुको जमीनको स्वामित्व महानगरपालिकामा हस्तान्तरण गर्न आवश्यक पहल गरीनेछ ।

७) विभिन्न स्थानहरुमा सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार सम्बद्ध सरोकारवालाहरुको समेत सहभागितामा सामुदायिक भवन, विश्राम स्थल, यात्रु प्रतीक्षालय आदिको निर्माण र सञ्चालनको व्यवस्था मिलाइनेछ ।

८) महानगर भित्रका सडकहरुलाई शहरी मापदण्ड अनुकुल हुनेगरी गुणात्मक सुधार,, निर्माण र स्तरोन्नती गरिनेछ । त्यस्ता आयोजनाहरु स्थानीय जनताका वास्तविक सामुदायिक संस्था टोल सुधार समिति र उपभोक्ता समुह मार्फत व्यापक जनपरिचालन र जनसहभागितामा संचालन गरिनेछ । उपभोक्ता समिति गठन, परिचालन र व्यवस्थापनमा देखिएका कृतिमता र अनियमतालाई हटाई वास्तविक उपभोक्ताले काम गर्ने वातावरण श्रृजना गरी कार्यक्रम संचालनमा उपभोक्ताहरुको पूर्ण स्वामित्व कायम गरिनेछ ।

## ३.३.वित्तीय व्यवस्थापन तथा श्रोतपरिचालन

१) महानगरपालिकालाई श्रोतपरिचालन र व्यवस्थापनमा सक्षम र आत्मनिर्भर बनाउन प्रचलित कानून वमोजिम लगाउन सकिने राजश्वका सबै श्रोतहरुको वस्तुपरक पहिचान, विश्लेषण, प्रक्षेपण र परिचालन गरीनेछ ।

२) श्रोतपरिचालनलाई समतामूलक, प्रगतिशील र न्यायपूर्ण बनाई राजश्वको दायरा बृद्धि गरीनेछ । सबै करदाताहरुको सहभागितामा राजश्व अभिबृद्धि गरी कूल बजेटमा आन्तरिक आम्दानीको अंश बृद्धि गरीदै लगिनेछ ।

३) महानगरपालिकाको पुरानो पेश्की बेरुजु र बक्यौता असूली कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । पेश्की, बेरुजु तथा बक्यौता रकम असूल फछ्र्योट गर्न गराउन उपयुक्त संयन्त्र निर्माण गरी आगामी तीन वर्षभित्र बेरुजुबिहीन अवस्था श्रृजना गरीनेछ ।

४) वित्तीय श्रोतपरिचालन र व्यवस्थापनमा निजीक्षेत्र र नागरीक समाजको सहभागिता र सहकार्यलाई बढाउँदै लगिनेछ । कर प्रशासन सुदृढीकरण गरी करदाता मैत्री बनाइ सम्पूर्ण करदातालाई स्वःस्र्फुत रुपमा करको दायरामा ल्याई आफूले तिरेका करको उचित उपयोग भएको छ भन्ने अनुभूति दिलाईनेछ । महानगरपालिकालाई नियमित र बढी कर तिर्ने करदाताहरुलाई सम्मानित गर्ने परम्परालाई अझ व्यवस्थित ढंगले अगाडि बढाइनेछ ।

५) श्रोतपरिचालन र व्यवस्थापनलाई वैज्ञानिक, यथार्थपरक र कम्प्यूटरीकृत गरी व्यवस्थित र अध्यावधिक गर्न Database तयार गरी प्रयोग गरीनेछ । यसको

निमित्त उपयुक्त Computer Software को व्यवस्था गर्नुका साथै कार्यरत कर्मचारीहरुको क्षमता अभिबृद्धिमा विशेष ध्यान दिइनेछ ।

६) स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ र नेपाल सरकारको नीतिगत निर्णय बमोजिम जिल्ला विकास समिति मार्फत काठमाडौं महानगरपालकाले प्राप्त गुर्न पर्ने बिद्युत रोयल्टी, जग्गा रजिस्ट्रेशन, निकासी कर लगायतका राजश्व बांडफांडका रकमलाई स्पष्ट, विवादरहित र नियमित गरीनेछ ।

७) महानगरपालिकाबाट संकलन हुने विविध कर, शुल्क तथा वस्तुहरुको असूली कार्यलाई सकेसम्म करदाताको नजिक पुऱ्याई एकद्वार प्रणाली अनुसार राजश्व असूली गर्न वडा कार्यालयहरुलाई जिम्मेवार तुल्याइनेछ ।

८) महानगरपालिकाले गर्ने राजश्व सम्बन्धी निर्णय र आर्थिक कारोवारमा पारदर्शिता र सहभागिता प्रबर्धन गरीनेछ । वित्तीय अनुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई सक्षम बनाई वित्तीय सूचनाको अभिलेख र प्रतिवेदन प्रणालीलाई नियमित र व्यवस्थित गरीनेछ ।

९) महानगरपालिकाको श्रोतसाधन र सम्पत्तिको उच्चतम प्रयोग र परिचालनद्वारा प्रशासनिक एवं अन्य अनुत्पादक खर्चमा नियन्त्रण गरी विकास कार्यमा गरीने पूँजीगत लगानी बृद्धि गर्दै लगिनेछ।

१०) महानगरपालिकाले उठाउने कर, दस्तुर तथा शुल्कहरुलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी तुल्याउन करदाता पहिचान गरी लागत अद्यावधिक गर्ने, कर संकलन तथा कार्यविधि निर्देशिकाहरु जारी गर्ने र करदाता सूचना प्रणालीको स्थापना गर्ने जस्ता कार्यहरु प्रारम्भ गरिनेछ ।

११) काठमाडौं महानगरपालिकाको स्वामित्वमा रहेको, भोगाधिकार रहेको र महानगरपालिकाले संरक्षण र परिचालन गर्न सक्ने भवन, जग्गा जमिन तथा अन्य भौतिक सम्पत्तिको अभिलेख अध्यावधिक गरी राजश्व आम्दानी गर्ने माध्यमको रुपमा परिचालन गरीनेछ । यस्ता श्रोतको परिचालन गर्दा प्रतिस्पर्धात्मक पद्धतिद्वारा निजीक्षेत्रलाई सहभागी गराउँदै लगिने नीति लिइने छ।

१२) महानगरपालिकाको विकास निर्माण तथा सेवासुविधा प्रवाह गर्न आवश्यक पर्ने वित्तीय श्रोतको कमीलाई पूर्ति गर्न नेपाल सरकार, दातृ निकाय तथा संघसंस्था र निजीक्षेत्र एवं नागरीक समाज लगायत सबै संभाव्य आन्तरिक एवं वाह्य श्रोतको अधिकतम परिचालन गरीनेछ ।

१३) सम्पत्ति मूल्याङ्कन गर्ने प्रावधानलाई प्रभावकारी बनाई सेवाग्राहीहरुलाई स्तरीय सेवा प्रदान गर्नको लागि उक्त कार्यलाई एक द्वार प्रणाली अन्तरगत सञ्चालन गरीने छ । यस कार्यको लागि राजश्व महाशाखालाई जिम्मेवार तुल्याईने छ ।

१४) आन्तरीक राजश्वको महत्वपूर्ण श्रोतको रुपमा विज्ञापन करको क्षेत्रलाई व्यापक तुल्याईने छ । महानगरपालिका क्षेत्रभित्र गरीने बिज्ञापनहरुलाई क्षेत्रगत आधारमा वर्गीकरण गरी यस कार्यमा इलेक्ट्रोनिक माध्यमहरुको प्रयोगलाई आकर्षित गर्दै लगीने छ ।

१५) राजश्व परीचालनलाई अझ बढी व्यवस्थित र प्रभावकारी बनाउन साना तथा ठूला करदाताहरुको वर्गीकरण गरी सोहि बमोजिम राजश्व संकलनको प्रक्रिया अगाडि बढाउन आवश्यक प्रक्रिया प्रारम्भ गरीनेछ ।

१६) महानगरवासीहरुलाई प्रदान गरीने सेवा सुबिधाहरु वडा स्तरबाटनै उपलब्ध गराउनको लागि एकीकृत सेवा प्रणालीको अवधारणालाई आत्मसात गरी

वडास्तरमा दिईने वजेटलाई अधिकतम उपयोगी र नतिजामुखी बनाउन वडाको आय क्षमता, क्षेत्रफल, जनसंख्या आदिको आधारमा वडाहरुलाई वर्गीकृत गरी सोहि अनुपातमा वजेट निकासाको प्रक्रिया शुरु गर्न सूत्रमा आधारित वजेट निकासा प्रणालीको प्रारम्भ गरीनेछ ।

१७) राजश्व संकलन अभिबृद्धि गर्न महानगरपालिकाले प्रदान गर्ने सेवालाई काठमाडौं महानगरपालिकाले उठाउन पाउने राजश्व सँग आवद्ध गरिनेछ ।

१८) राजश्व परिचालनमा आन्तरिक समन्वयन र सहयोगको वातावरण बनाउनुका साथै सम्वद्ध सरोकारवाला सँग आवश्यक समन्वय र अन्तरक्रिया गरी राजश्व परिचालनमा सहयोग लिइनेछ ।

१९) बहाल कर लगायत साना व्यवसायीहरुबाट आयकर उठाउने अख्तियारी काठमाडौं महानगरपालिकालाई प्रत्यायोजन गर्न नेपाल सरकारसँग अनुरोध गरिनेछ।

२०) फोहरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउन महानगरवासीको घर/व्यवसाय स्थलबाट फोहर संकलन गरेवापतको सेवा शुल्क लगाई असूल गर्ने गराउने कार्यलाई व्यवस्थित बनाइनेछ ।

२१) काठमाडौं महानगरपालिकाले परिचालन गर्ने राजश्व अग्रीम रुपमा वढी परिचालन गर्न र पुराना वक्यौता कर प्रभावकारी ढंगले संकलन गर्न विशेष छुटको व्यवस्था मिलाइनेछ ।

२२) राजश्व लेखा प्रणालीको सुदढीकरण गरिनेछ । यसको लागि राजश्व लेखा निर्देशिका जारी गरी सम्वद्ध कर्मचारीलाई तालिम अभिमूखिकरण कार्यक्रम संचालन गरिनेछ ।

२३) वडा कार्यालय लगायत राजश्व संकलन गर्ने काठमाडौं महानगरपालिका अन्तर्गतका राजश्व सम्वद्ध प्रशासनिक निकायको क्षमता अभिवृद्धि गरिनेछ । वडा कार्यालयको राजश्व प्रशासनलाई सवल सक्षम र प्रभावकारी बनाइनेछ ।

२४) काठमाडौं महानगरपालिकाले निर्धारण गर्न सक्ने कर, सेवा शुल्क, दस्तुर आदिको दररेट समयसामयिक रुपले परिमार्जन गरी लागु गरिनेछ ।

२५) पार्किङ्ग सम्वन्धमा स्पष्ट नीतिगत व्यवस्था गरि पारदर्शि ढंगले निजी क्षेत्र मार्फत सञ्चालन गरिनेछ ।

२६) व्यवसाय कर संकलन कार्यलाई थप प्रभावकारी बनाउन व्यवसाय कर असूली कार्यमा खटीने कर्मचारीहरुलाई उत्प्रेरणा गराउन बिबिध नीति लिईनेछ ।

## ३.४.सँगठन तथा संस्थागत विकास

१) महानगरपालिकाको प्रशासनिक व्यवस्था, सांगठनिक संरचना र संस्थागत प्रणालीलाई भरपर्दो, चुस्त, विश्वसनीय, सक्षम र प्रभावकारी तुल्याई महानगरपालिकाबाट सम्पादित काममा सहभागिता, जवाफदेहिता, पारदर्शिता, मितव्ययिता र न्यायिकता कायम गरीनेछ ।

२) महानगरपालिकाको सांगठनिक संरचनालाई समयानुकूल चुस्त, सक्षम, मितव्ययी, प्रतिस्पर्धी र नतिजामुखी बनाउन सँगठन अध्ययनको कार्यलाई अगाडि बढाइने छ । यस अनुसार दरवन्दी यकिन गरी पदनाम र दरबन्दी मिलान गर्नुका साथै प्रत्येक विभाग, महाशाखा, शाखा, एकाइ, वडा कार्यालय तथा कर्मचारीहरुको काम कर्तव्य र जिम्मेवारीलाई स्पष्ट गरी निर्धारित काम तथा सूचकको आधारमा मूल्याङ्कन गर्ने पद्धतिलाई स्थापित गरीनेछ ।

३) कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकनलाई कार्यविवरणसँग आवद्ध गरी वस्तुगत, नियमित र प्रभावकारी बनाइनेछ। यसको आधारमा कर्मचारीहरुको पदस्थापन, बढुवा, तालिम, वृत्ति विकास, पुरस्कार र सजायको पद्धतिलाई स्थापित गरी निरन्तरता दिइनेछ।

४) कर्मचारीहरुको वैयक्तिक विवरणलाई अध्यावधिक गर्न Personnel Information System (PIS) को व्यवस्था गरीनेछ। कर्मचारीहरुका सम्पूर्ण विवरणहरु यसै पद्धति अनुसार व्यवस्थित गरी भर्ना देखि अवकाशसम्मका सबै प्रक्रियाहरुलाई संस्थागत तुल्याईनेछ।

५) महानगरपालिकाको मनोनयन वा स्वीकृतिमा स्वदेश तथा विदेशमा हुने अध्ययन भ्रमण, तालिम, गोष्ठी, सेमिनार आदिमा हुने प्रतिनिधित्वलाई पारदर्शी, नियमित, न्यायोचित र उपलब्धिमूलक तुल्याउन आवश्यक निर्देशिका जारी गरी लागू गरीनेछ।

६) महानगरपालिकाको जनप्रतिनिधि, कर्मचारी तथा आवश्यकता अनुसार अन्य क्षेत्रमा मानव शंसाधन सम्बन्धी कार्य गर्न आवश्यक श्रोत, साधन र जनशक्ति सहित मानव शंसाधन विकास केन्द्रको स्थापना गरीनेछ। यस केन्द्र मार्फत महानगरपालिकाका पदाधिकारी, जनप्रतिनिधि, कर्मचारी तथा स्थानीय तहको क्षमता अभिबृद्धिको निमित्त तालिम, गोष्ठी, भ्रमण आदि कार्यक्रमको व्यवस्था मिलाइनेछ।

७) महानगरपालिकाका कर्मचारीहरुको योग्यता, क्षमता, तालिम, अनुभव र पद अनुसार आवश्यक मापदण्ड बनाई विभाग, महाशाखा, शाखा तथा वडा कार्यालयहरुको कार्यबोझ र आवश्यकताको आधारमा सरुवा तथा पदस्थापन गर्ने नीति लिइनेछ।

८) स्थानीय स्वायत्त शासन ऐन वमोजिम महानगरपालिकाबाट न्याय निरुपण हुने विवादहरुको समाधान छिटो, छरितो तथा सरल तरिकाबाट गर्न गराउन वर्तमान कार्यप्रणालीमा सुधार गरीनेछ।

९) महानगरपालिकाक्षेत्रमा आउने स्थानीय स्तरका विवाद र मुद्दाको कार्यविधि अनुसार फछ्र्योट गर्नुपर्ने विषयलाई छिटो, छरितो, मितव्ययी र दिगो रुपमा समाधान गर्न मध्यस्थता प्रणालीलाई संस्थागत गरीनेछ।

१०) महानगर सुव्यवस्था कायम गर्न सम्बद्ध निकायहरुको सहयोग र सहभागितामा सडक पेटी अतिक्रमण नियन्त्रण, सडक तथा पैदल मार्ग आवागमन अवरोध नियन्त्रण, छाडा चौपाया नियन्त्रण तथा अनियमित निर्माण नियन्त्रण जस्ता कार्यलाई नियमित, नतिजामुखी र प्रभावकारी तुल्याउन सम्भाव्य सबै उपायहरुको अबलम्बन गरीनेछ।

११) महानगरपालिकाको कार्यालय भवन तथा भौतिक संरचनाको सुरक्षा प्रबन्धलाई विशेष ध्यान दिइनेछ। महानगरपालिका भवन, भौतिक संरचना, यन्त्र उपकरण तथा सवारी साधनहरुको आवश्यकता अनुसार वीमा गर्ने, गराउने व्यवस्थालाई अगाडि बढाइनेछ।

१२) सडक व्यापारलाई व्यवस्थित गर्न सम्बद्ध निकायहरुको समन्वयमा आवश्यक नीति तथा कार्यविधि तर्जुमा गरीनेछ। सो अनुसार सडक व्यापारीहरुलाई सूचीकृत गर्ने, सडक व्यापारको स्थान तथा समय निर्धारण गर्ने र उनीहरुलाई करको दायरामा ल्याउने कार्यलाई प्रभावकारी ढंगले अगाडि बढाइनेछ।

१३) स्थानीय स्वायत्त शासन नियमावली, २०५६ ले निर्देश गरे अनुसार कर्मचारी कल्याण कोषको संस्थागत व्यवस्था गरीनेछ। यस कोष मार्फत महानगरपालिकाका कर्मचारीहरुको सेवा निवृत्त सुबिधाका अतिरिक्त निश्चित शर्तको अधिनमा रही आवास कर्जा र औषधि उपचार सुबिधा उपलब्ध गराइनेछ।

१४) महानगरपालिकाको काम कारवाहीलाई छिटोछरीटो, पारदर्शी र प्रभावकारी बनाउनको लागि महानगरपालिकामा e-governance प्रणालीको प्रारम्भ गरीनेछ।

१५) महानगरपालिकाको सम्पत्ति खरीद तथा उपयोगमा पारदर्शिता ल्याउन, खप्ने नखप्ने सामानहरुको लगत सम्बन्धित विभाग, महाशाखा, वडा तथा अन्य कार्यालयहरुमा राख्न तथा पुराना मर्मत योग्य नभएका सामानहरुको लिलाम बिक्री गर्न आवश्यक जिन्सी व्यवस्थापन कार्यलाई सुदृढ बनाईनेछ ।

## ३.५.वातावरण व्यवस्थापन

१) वातावरण व्यवस्थापनलाई हरेक विकास कार्यक्रममा आन्तरिकीकरण गरी प्राकृतिक वातावरणको संरक्षण, सुरक्षा, पुनर्स्थापन र बुद्धिमत्तापूर्ण उपयोग गर्न जोड दिइनेछ ।

२) शहरी क्षेत्रमा उत्पादन हुने फोहोरहरुलाई हानिकारक नहुने फोहोर (Green Waste or Combustible Waste), सामान्य हानी पुऱ्याउन सक्ने फोहोर (Amber Waste or Incombustible Waste) र अति हानिकारक फोहोर (Red Waste or Hazardous Waste) को रुपमा वर्गीकरण गरी संकलन गर्ने, छुट्याउने ( Segregation) र अन्तिम निष्कासन गर्न मापदण्ड निर्धारण गरी आवश्यक कृयाकलापहरु सञ्चालन गरीने छन् ।

३) फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षणको सन्दर्भमा मापदण्ड तोकिएकोमा सो वमोजिम र नतोकिएको भए सम्वद्ध पक्षको समन्वयमा मापदण्ड तोकी महानगरपालिकाक्षेत्रमा हुने जल, स्थल, वायु, ध्वनि र अन्य प्रकारका प्रदूषण नियन्त्रण सम्बन्धी कार्यहरु गरीनेछ ।

४) महानगरपालिकाक्षेत्रमा रहेका नदी, खोला, इनार, पोखरी, ढुंगेधारा, वन, वनस्पति तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण र सदुपयोग गरीनेछ ।

५) नगर सफाइ, फोहोरमैला संकलन, वर्गीकरण (Segregation) ढुवानी र अन्तिम निश्कासन गर्नको निमित्त उपयुक्त स्थानको व्यवस्था, त्यसको विकास, व्यवस्थापन र फोहोरमैलालाई श्रोतको रुपमा उपयोग गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

६) फोहोरमैला उत्पादनको श्रोतमै उपयुक्त व्यवस्थापन गरी न्यूनीकरण, कम्पोष्टिङ, पुनः प्रशोधन तथा पुनः प्रयोग सम्बन्धी व्यवस्था मिलाउन नगरबासीहरुकै सहभागितामा सामाजिक परिचालन, जनचेतना अभिबृद्धि र आवश्यक श्रोत साधनको वितरण व्यवस्थालाई प्रभावकारी तुल्याइनेछ ।

७) Polluters Pay को सिद्धान्त अबलम्बन गरी फोहोरमैला संकलन र व्यवस्थापन कार्यलाई दिगो तुल्याउन औद्योगिक फोहोर, औषधि र अस्पतालजन्य फोहोर, व्यापार व्यवसायजन्य फोहोर, घरेलु फोहोर र अन्य प्रकारका फोहोरका आधारमा शुल्क निर्धारण गरीनेछ । यस अनुसार निजी तथा सामुदायिक सहभागितामा व्यवस्थापनको कार्यलाई अगाडि बढाइनेछ ।

८) महानगरक्षेत्रका मुख्य तथा सहायक सडकहरु, सार्वजनिक जमिन, नदी तथा खोला किनार र अन्य उपयुक्त स्थलहरुमा वृक्षारोपण तथा संरक्षणको कार्यलाई प्राथमिकता दिई महानगरलाई स्वस्थ हरित नगरी (Healthy Green City) को रुपमा विकसित गर्न प्रयास गरीनेछ ।

९) फोहोरमैला संकलन र व्यवस्थापनको दृष्टिले सिँगो काठमाडौं उपत्यकालाई एक क्षेत्रको अवधारणा अनुसार कार्य गर्न उपत्यकाका सबै स्थानीय निकायहरु, नेपाल सरकार, फोहोरमैला प्रवन्ध तथा श्रोतपरिचालन केन्द्र, दातृ निकाय लगायत अन्य सरोकारवाला निकायहरुको साझेदारी र सहयोगमा एकीकृत कार्ययोजना तयार गरी कार्य गर्ने वातावरण तयार गरीनेछ ।

१०) वातावरणीय दृष्टिले हानिकारक ठानिएका २० माइक्रोनभन्दा तलका प्लाष्टिक झोला (Polythine Bag) को नियन्त्रण गर्न तथा प्रयोग भएका प्लाष्टिकलाई व्यवस्थित गर्न सम्बन्धित उद्योगी, व्यवसायी, सरकारी तथा गैरसरकारी संस्था र नागरीक समाजको सहभागितामा विशेष कार्यक्रम सञ्चालन गरीनेछ ।

११) काठमाडौं महानगरपालिका तथा उपत्यकाका अन्य क्षेत्रमा शहरी वातावरण व्यवस्थापन एवं पर्यटन विकासमा सहयोग पुग्ने किसिमका स्थानहरुको पहिचान गरी पार्क, उद्यान तथा खुल्ला क्षेत्रहरुको स्थापना, विकास र व्यवस्थापनको प्रक्रिया अगाडि बढाइनेछ । यस्ता कार्यमा महानगरपालिकाले उत्प्रेरक र प्रबर्द्धकको भूमिका निर्वाह गरी निजी तथा सामुदायिक लगानीलाई जोड दिनेछ ।

१२) महानगरवासीहरुको स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल असरलाई न्यून गर्न अस्पताल, व्यापारिक भवन, होटल, उद्योग, कलकारखाना आदिबाट उत्पादन हुने फोहरमैलालाई व्यवस्थित गर्न सम्बद्ध सरोकारवालाहरुको सहभागितामा आवश्यक उपायहरु अवलम्वन गरीनेछ ।

१३) वातवारण संरक्षण र फोहरमैला व्यवस्थापनमा जनविश्वास अभिबृद्धि गर्न महानगरपालिकालाई विभिन्न क्षेत्रमा खण्डिकरण गरी सामुदायिक तथा निजि सहभागितामा फोहरमैला व्यवस्थापन गर्ने पद्धतिलाई सस्थागत गरिनेछ ।

## ३.६.संस्कृति तथा सम्पदा संरक्षण

१) महानगरपालिकाक्षेत्रभित्रका ऐतिहासिक, सांस्कृतिक, पूरातात्विक तथा धार्मिक महत्वका मठमन्दिर, गुम्बा, चैत्य, धर्मशाला, पाटीपौवा, ढुंगेधारा आदिको लगत तयार गरी अध्यावधिक गरीनेछ । सामुदायिक तथा निजीक्षेत्रको समेत सहभागितामा त्यस्ता क्षेत्रहरुको विकास, विस्तार, मर्मत सम्भार, रेखदेख, संरक्षण र नियमित सञ्चालनको उपयुक्त व्यवस्था मिलाइनेछ ।

२) महानगरक्षेत्रभित्रका विश्व सम्पदा सूचीमा परेका सम्पदा स्थलहरुको संरक्षण, सम्बर्द्धन, विकास र व्यवस्थापन सम्बन्धी विशेष कार्यक्रम बनाई सम्बन्धित समिति, कोष, गुठी तथा निकायको सहभागितामा कार्यान्वयन गरीनेछ ।

३) महानगरपालिकाक्षेत्रका भाषा, साहित्य, कला, संस्कृति, रितिरिवाज, जात्रा पर्व, परम्परागत सीप आदिको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन र विकास गर्न गराउन सम्बद्ध पक्षको सक्रियतामा आवश्यक कार्यक्रमहरु तयार गरी सञ्चालन गरीनेछ । यस्तो कार्यमा सम्बन्धित वडा समितिहरुलाई बढी जिम्मेवार बनाउने नीति लिइनेछ ।

४) महानगरपालिकालाई पर्यटक गन्तव्यस्थलको रुपमा विकसित गर्न अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसारको व्यवस्था मिलाइनेछ । पर्यटकहरुको बसाइ अवधी लम्ब्याउन सहयोगी हुने किसिमका पर्यटन विकास तथा प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु निजीक्षेत्रको सहभागितामा सञ्चालन गरीने छन् ।

५) सम्पदा संरक्षणको निमित्त श्रोत संकलन गर्न हाल सञ्चालित हनुमानढोका दरबार संरक्षण कार्यक्रम जस्ता कार्यक्रमहरुलाई क्रमशः विस्तार गर्दै लाने नीति लिइनेछ ।

## ३.७.सामाजिक विकास

१) महानगरपालिकाका कम विकसितक्षेत्र तथा विपन्न बर्ग बसोबास गर्ने क्षेत्रमा प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराउन निरोधात्मक, प्रवर्द्धनात्मक तथा उपचारात्मक स्वास्थ्य कार्यक्रमहरु सञ्चालन गरीनेछ ।

२) महानगरबासीको स्वास्थ्य सुरक्षा र उपभोक्ता हित संरक्षणका लागि खाद्य गुणस्तर कायम गर्ने, मिसावट नियन्त्रण गर्ने, पेय पदार्थ र मासुजन्य पदार्थको गुणस्तर र मापदण्ड कार्यान्वयन गर्ने, गराउने कार्यलाई अझ व्यवस्थित रुपमा अगाडि बढाइनेछ ।

३) महानगरपालिकाक्षेत्रभित्र परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा, एच.आइ.भी एड्स न्यूनीकरण, शहरी DOTS, महामारी नियन्त्रण जस्ता जनस्वास्थ्यसँग सम्बन्धित निरोधात्मक एवं प्रर्द्धनात्मक कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन र नियन्त्रण सम्बन्धी कार्य गरीनेछ ।

४) महानगर तथा उपत्यकाभित्र मासुजन्य पदार्थको विक्री वितरणलाई व्यवस्थित गर्न निजीक्षेत्रको सहभागितामा सुविधा सम्पन्न पशुवधशाला (Slaughter House) स्थापना र सञ्चालनको व्यवस्था मिलाइनुका साथै मासु जांच ऐन, २०५५ लागू गर्न पहल गरीनेछ ।

५) महानगरपालिकाद्वारा स्थापित अकुपन्चर चिकित्सा पद्धतिको माध्यमबाट महानगरवासीहरुलाई सरल, सुलभ र गुणात्मक स्वास्थ्य सेवा उपलब्ध गराउदै यस सेवा केन्द्रलाई थप सहायक केन्द्रहरुमा विस्तार गर्नुका साथै प्रतिस्पर्धि, आत्मनिर्भर र आधुनिक प्रबिधियुक्त तुल्याउदैं लगिनेछ ।

६) महानगरपालिकाको उपयुक्त स्थलमा निजी तथा अन्य क्षेत्रको सहभागिता र सहकार्यमा आधुनिक शव दाहगृह निर्माण, सञ्चालन र व्यवस्थापन गरीनेछ ।

७) महानगरपालिकाद्वारा सञ्चालित विकासमूलक एवम् सेवा प्रवाह सम्बन्धी सबै कार्यक्रमहरुमा लैंगिक मैत्री (Gender Friendly) दृष्टिकोण अवलम्वन गरीनेछ । सामाजिक समावेशीकरणको प्रक्रियालाई संस्थागत रुपमा अगाडि बढाउन महानगरक्षेत्रका महिला, बालबालिका, दलित, जनजाति, आदिवासी, जेष्ठ नागरीक, अपांग, असहाय तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायको सशक्तीकरण सम्बन्धी लक्षित कार्यक्रमहरु सञ्चालन गरीनेछन् ।

८) महानगरको समग्र विकासको निम्ति गैर सरकारी संघसंस्था तथा नागरीक समाजको परिपुरक भूमिकालाई स्थापित गर्न महानगरक्षेत्रभित्र कार्यरत गैर सरकारी संघसंस्था, स्थानीय क्लब, सामुदायिक संस्था आदिको प्रोफाइल तयार गरी संघसंस्थाहरुको सुचीकृत गर्ने व्यवस्था मिलाईनेछ ।
महानगरपालिकाले गर्ने सामुदायिक विकास तथा सामाजिक समावेशीकरणको प्रक्रियालाई अगाडि बढाउने किसिमका कार्यक्रमहरु लागत साझेदारीको आधारमा उक्त संस्थाहरु मार्फत गर्ने गराउने व्यवस्था मिलाइनेछ ।

९) महानगरपालिकाक्षेत्रभित्र हुने जन्म, मृत्यु, बिवाह, बसाइसराइ र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता गर्ने तथा प्रमाणपत्र दिने कार्यका अतिरिक्त महानगरपालिकाबाट गरीने नाताप्रमाणित र विभिन्न सिफारिसलाई छिटो, छरितो, नियमित र प्रभावकारी बनाइनेछ ।

१०) महानगरपालिकाद्वारा सञ्चालित एम्बुलेन्स सेवालाई क्रमशः समुदायमा हस्तान्तरण गरीने नीति लिइनेछ । यसरी सञ्चालन गर्दा समुदायको स्वामित्व र व्यवस्थापन सुनिश्चित गरी महानगरपालिकाको दायित्वलाई क्रमशः कम गर्दै लगिनेछ ।

११) महानगर स्तरीय खेलकुद विकास समिति गठन गरीनेछ । यस समितिको समन्वयमा सम्बद्ध सरोकारवालाहरुको सहभागिता अभिबृद्धि गरी मार्सल आर्टस, फूटबल, भलिबल लगायत अन्य खेलकुदको विकासका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरीने छन् ।

१२) शिक्षाको अवसरबाट बन्चित तथा विभिन्नक्षेत्रमा कार्यरत श्रमिक बालबालिकाहरुका लागि अनौपचारिक तथा विशेष शैक्षिक कार्यक्रमहरु सञ्चालन गरीने छन् । दातृ संस्था तथा सरोकारवाला संघसंस्थाहरुको सहयोग र साझेदारीमा महानगरक्षेत्रलाई निकृष्ट प्रकारको बालश्रम शोषणमुक्तक्षेत्रको रुपमा स्थापित

गर्न विशेष पहल गरीनेछ ।

१३) काठमाडौं महानगरपालिकाक्षेत्रका सडक बालबालिकाहरुको संरक्षण, विकास र पुनर्स्थापन गर्न सम्बद्ध निकायहरुको सहभागितामा विवरण अध्यावधिक गरीनेछ । सडक बालबालिकाहरुको मानवोचित अधिकारको सुनिश्चित गरी संरक्षण र विकास गर्न महानगरपालिकाका इच्छुक समाजसेवी घरधनी तथा सामाजिक संघसंस्थालाई उनीहरुको पुनर्स्थापनमा संलग्न गराउँदै लगिनेछ ।

१४) फोहोरमैला व्यवस्थापनमा कार्यरत सफाइ कर्मचारी र उनीहरुका परिवारको आधारभूत शिक्षा तथा स्वास्थ्य सुविधालाई सुनिश्चित गर्न निजीक्षेत्रमा सञ्चालित विद्यालय एवं स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी निःशुल्क शिक्षा तथा स्वास्थ्यको विशेष व्यवस्था मिलाइनेछ ।

१५) महानगरपालिकाक्षेत्रमा हुन सक्ने प्राकृतिक तथा मानव श्रृजित प्रकोप व्यवस्थापन कार्यलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न सम्बद्ध निकायहरुको सहभागितामा प्रकोप व्यवस्थापन सम्बन्धी कार्य योजना तयार गरी चेतनामूलक, निरोधात्मक, उपचारात्मक तथा पुनर्स्थापना सम्बन्धी कार्यहरु सञ्चालन गरीने छन् ।

१६) काठमाडौं महानगरपालिकाको शहरी गरीबी न्यूनीकरण रणनीति तयार गरी सम्बद्ध संघसंस्था तथा निकायहरुको साझेदारी र सहभागितामा शहरी गरीबी न्यूनीकरण सम्बन्धी लक्षित कार्यक्रमहरु सञ्चालन गरीनेछ । यस कार्यमा शहरी सामुदायिक सहयोग कोष (Urban Community Support Fund) लाई बढी प्रभावकारी र उपलब्धिमूलक ढंगले सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

१७) महानगरपालिका क्षेत्रमा लागू औषध दुर्व्यसन बिरुद्धको कार्यलाई सशक्त ढंगले अगाडि बढाउन नीजिक्षेत्र, दातृ निकाय, गैर सरकारी संघसंस्था र अन्य सम्बद्ध पक्षको सहभागितामा आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

## ३.८.सूचना सञ्चार तथा अन्तर्राष्ट्रिय सम्बन्ध

१) सूचना प्रविधिलाई विकास निर्माण र सेवा प्रवाहको कार्यमा प्रभावकारी ढंगले उपयोग गर्न महानगरको योजना प्रक्रिया, श्रोतपरिचालन र खर्च व्यवस्थापनलाई कम्प्यूटर प्रणाली (Computerized) मा आबद्ध गर्ने कार्यलाई अझ सशक्त र प्रभावकारी रुपमा लागू गर्न पहल गरीनेछ । महानगरपालिकाका नीतिगत निर्णय तथा सार्वजनिक सरोकारका विषयहरुलाई वेभसाइट मार्फत नियमित रुपमा सार्वजनिक गरीनेछ । यसैगरी महानगरपालिकामा विद्युतीय शासन प्रणाली (e-governance) अबलम्बन गर्ने गराउने तर्फ आवश्यक पहल गरीनेछ ।

२) महानगरपालिकाद्वारा सञ्चालित मेट्रो एफ.एम. ९४ विन्दु ६ मेगाहर्जको छुट्टै सञ्चालन तथा व्यवस्थापन निर्देशिका तयार गरी व्यावसायिक एवं प्रतिस्पर्धी ढंगले सञ्चालन गर्ने नीति अख्तियार गरीनेछ । काठमाडौं महानगरपालिकाको टेलिभिजन कार्यक्रम र मेट्रो एफ.एम.बाट उपत्यकाका स्थानीय निकायहरुका गतिविधि समेत प्रसारण गर्न आवश्यक साझेदारी र सहकार्य गरीनेछ ।

३) सूचना प्रविधिलाई मजवूत गरी सूचना प्रवाह गर्न कम्प्युटर संजाल (Computer Network) विस्तार गरी सर्वसाधारण जनतामा महानगर सम्बन्धी सूचनाको सहज पहुँच पुऱ्याउन महानगर सूचना केन्द्र (Metropolis Information Center) को स्थापना गरीनेछ । महानगरपालिका सम्बन्धी सम्पूर्ण सूचना तथा गतिविधिहरुलाई यस केन्द्र मार्फत सम्प्रेषण गर्ने र यस सम्बन्धमा पृष्ठपोषण (Feedback) लिने कार्यलाई संस्थागत गरीनेछ । यसको साथ का.म.पा.को गतिविधि तथा तथ्याङ्कहरु सहितको CD प्रकाशनमा ल्याईनेछ ।

४)	महानगरपालिकाको विकास निर्माण तथा सँगठनात्मक क्षमता अभिबृद्धि गर्न वैदेशिक सहयोग परिचालन गरीनेछ । यस्तो सहयोग परिचालन गर्दा महानगरपालिकाको प्राथमिकता, आवश्यकता र उपयोगितालाई विशेष महत्व दिइनेछ ।

५)	काठमाडौं महानगरपालिकालाई स्वस्थ, सुन्दर, सुसंस्कृत, ऐतिहासिक, सांस्कृतिक एवं पर्यटकीय राजधानी शहरको रुपमा अन्तर्राष्ट्रिय जगतमा सुपरिचित गराइ महानगरको छवि (Image) लाई उच्च राख्न आवश्यक प्रवर्द्धनात्मक कार्यहरु गरीनेछ ।

६)	काठमाडौं महानगरपालिकाले विश्वका अन्य राजधानी तथा मुख्य शहरहरु तथा विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाहरुसँग आपसी भाइचारा सम्बन्ध विकास र विस्तार गर्नका साथै जनस्तरको कुटनीति अभिबृद्धि गर्ने कार्यक्रमलाई अगाडि बढाइनेछ ।

## ४. सुधारका क्षेत्रहरु

काठमाडौं महानगरपालिकाको समग्र सुधारका लागि देहायका क्षेत्र पहिचान गरिएका छन् :

क. संगठनात्मक सुधार
ख. मानव संसाधन  व्यस्थापन सुधार
ग. वित्तीय कार्य कुशलतामा सुधार
घ. फोहरमैला व्यवस्थापन
ङ. शहरी विकास तथा भौतिक पूर्वाधार विकास र व्यवस्थापन
च. सुशासन तथा सेवा प्रवाह
छ. सूचना तथा संचार र विद्युतीय शासन
ज. जनस्वास्थ्य तथा सामाजिक विकास
झ. संयुक्त समिति
ञ. संस्कृति सम्पदा तथा पर्यटन

# महानगर सुधार कायर्क्रमको मार्ग चित्र

| सुधारका क्षेत्रहरु | उद्देश्य | सूचक | क्रियाकलाप | समय सीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|---|
| | | | | | मुख्य | सहायक |
| **क. संगठनात्मक सुधार** | १.प्रत्येक विभाग ⁄महाशाखा⁄ शाखा⁄वडा कार्यालय⁄समिति⁄ आयोजनाको काम कर्तव्य अधिकार पुनरावलोकन गरी चुस्त दुरुस्त संगठन स्वरुप निर्माण गर्ने । | • कामको प्रकृति, कार्यक्षेत्र, कार्यप्रकृया, कार्यपद्धति र वृत्तिविकास समेतका आधारमा उपयुक्त संगठन संरचना निर्माण भई संचालनमा आउनेछ ।<br>• निर्णयका तह घट्न गई बढीमा तीन तहमा सीमित भएको हुनेछ ।<br>• प्रशासनिक खर्चमा दश प्रतिशतले कमी आउनेछ । | १. काठमाडौं महानगरपालिकाको संगठन संरचना तयार गरी लागू गर्ने ।<br><br>२. प्रत्येक विभाग⁄महाशाखा⁄ शाखा⁄वडा कार्यालय⁄समिति⁄परिषद्⁄आयोजना र अन्तर्गत निकायको कार्यसम्पादन सूचक सहितको कार्यविवरण तयार गरी लागू गर्ने ।<br><br>३. कार्यसम्पादन सूचकका आधारमा जिम्मेवार निकाय⁄कर्मचारी⁄पदाधिकारीको कार्यसम्पादन मूल्यांकन गर्ने र तद्अनुसार पुरस्कार र दण्डको व्यवस्था गर्ने । | २०६५ असोज मसान्त<br><br>२०६५ असोज मसान्त<br><br>२०६५ असोज मसान्त | म.सु.का.<br><br>म.सु.का.<br><br>म.सु.का. | प्र.सं.वि.वि.<br><br>प्र.सं.वि.वि.<br><br>प्र.सं.वि.वि. |
| | २. काठमाडौं महानगरपालिकाका सबै विभाग, शाखा, आयोजना, सचिवालय र अन्तर्गतको निकायको मासिक, चौमासिक र वार्षिक प्रगति नियमित रुपमा प्राप्त गरी शहरी योजना आयोगबाट समीक्षा गर्ने परिपाटी स्थापना गर्ने संस्थागत परिपाटी स्थापना गर्ने । | • नियमित रुपमा लगानी र उपलब्धीको मापन हुनेछ ।<br>• महानगरपालिकाको काममा पारदर्शिता प्रबर्द्धन हुनेछ । | ४. प्रत्येक विभाग⁄महाशाखा⁄शाखा⁄वडा कार्यालय⁄समिति⁄परिषद⁄ आयोजनाको प्रगति सूचक तयार गर्ने ।<br><br>५. विभाग⁄आयोजना⁄सचिवालय र अर्न्तगत निकायको सूचक सहितको प्रगति विवरणको ढाँचा तयार गर्ने तथा प्रत्येक महिनाको ७ गते भित्र अघिल्लो महिनाको प्रगति विवरण पठाउने व्यवस्था गर्ने ।<br><br>६. शहरी योजना आयोगलाई प्रगति समीक्षाको सम्पर्क विन्दुको रुपमा संस्थागत गर्ने । | २०६५ फाल्गुण मसान्त<br><br>२०६५ फाल्गुण मसान्त<br><br>२०६५ असोज मसान्त | म.सु.का.<br><br>म.सु.का.<br><br>म.सु.का. | प्र.सं.वि.वि.<br><br>प्र.सं.वि.वि.<br><br>श.यो.आ. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३.कर्मचारीहरुलाई पेशा प्रति उत्तरदायी र अनुशासित तुल्याई कर्मचारी हकहित संरक्षण गर्ने तथा क्रियाशील पेशागत संस्थाहरु र महानगरपालिका बीच सकारात्मक कार्य सम्बन्ध विकास गर्न आवश्यक व्यवस्थागर्ने । | • प्रशासनिक अनुशासन कायम हुन जानेछ ।<br>• कर्मचारीका पेशागत संस्था र काठमाडौं महानगरपालिका बीच सकारात्मक कार्य सम्बन्धको विकास हुनेछ । | ७. कर्मचारीको आचार संहिता तयार गरी लागू गर्ने ।<br>८.कर्मचारीहरुद्वारा आफूले गरेको कार्य सम्पादनका विवरण नियमित रुपमा पेश गर्ने व्यवस्था लागुगर्ने ।<br>९. कार्यकक्षबाट बाहिर जानुपर्दा लगबुकमा जनाउने व्यवस्था गर्ने ।<br>१०.कर्मचारीहरुको हाजिरी र आएको गएको जनाउने विद्युतीय कार्डको प्रयोग गर्ने ।<br>११. कर्मचारी युनियन संचालन निर्देशिका तयार गरी लागू गर्ने । | २०६५ असोज मसान्त<br>२०६५ असोज मसान्त<br>२०६५ असोज मसान्त<br>२०६५ असोज मसान्त<br>२०६५ असोज मसान्त | म.सु.का.<br>म.सु.का.<br>म.सु.का.<br>म.सु.का.<br>म.सु.का. | युनियनहरु<br>युनियनहरु<br>प्र.सं.वि.वि. र युनियकनहरु<br>प्र.सं.वि.वि. र युनियकनहरु<br>प्र.सं.वि.वि. र युनियनहरु |
| | ४. महानगरपालिकाको व्यवस्थापन सुधार सम्बन्धी कार्यलाई निरन्तरता दिन आवश्यक संस्थागत व्यवस्था गर्ने । | • परिवर्तन व्यवस्थापनका लागि शहरी योजना आयोगमा परिवर्तन व्यवस्थापन एकाई तथा प्रत्येक विभागमा परिवर्तन व्यवस्थापन सम्बन्धी सम्पर्क व्यक्ति तोकिनेछ । | १२. सुधार कार्यलाई निरन्तरता दिन शहरी योजना आयोग अन्तर्गत संस्थात्मक व्यवस्था गर्ने ।<br>१३. परिवर्तन एकाई तथा सम्पर्क व्यक्तिहरुको मासिक रुपमा ४ पटक बैठक बस्ने । | २०६५ असोज मसान्त सम्म<br>२०६५ असोज मसान्त देखि निरन्तर | का.म.पा.<br>म.सु.का. | श.यो.आ./म.सु.का. |
| | ५. शहरी योजना आयोगको कार्य विश्लेषण गरी उपयुक्त संगठन संरचना सहितको संस्थागत संयन्त्र विकास गर्ने । | • शहरी योजना आयोगमा प्रशासन/व्यवस्थापनविद्, अर्थविद्, कानूनविद्, शहरी विकासविद्, योजनाविद् तथा ख्यातिप्राप्त नागरिक मध्येबाट प्रतिस्पर्धाका आधारमा छनौट गर्ने परिपाटी कायम हुनेछ । | १४. **काठमाडौं महानगरपालिका शहरी योजना आयोग स्थापना र संचालन विनियमावली २०६४** तयार गरी लागू गर्ने । | २०६५ असोज मसान्त सम्म | म.सु.का. | बोर्ड/परिषद (निर्णयका लागि) |

| सुधारका क्षेत्रहरु | उद्देश्य | सूचक | क्रियाकलाप | समय सीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|---|
| | | | | | मुख्य | सहायक |
| **ख. मानव संसाधन व्यस्थापन सुधार** | १.महानगरपालिका प्रशासनलाई दक्ष, सक्षम, प्रतिस्पर्धी, लैङ्गिक समतामुखी, उत्तरदायी र समावेशी बनाउन जनशक्ति योजना तयार गरी लागू गर्ने । | • योग्य, दक्ष र प्रतिस्पर्धी जनशक्ति आपूर्ति व्यवस्थाले सुनिश्चिता पाउनेछ ।<br>• परीक्षा प्रणालीमा सुधार आउनेछ ।<br>• Right Person in Right Place को अवधारणाको व्यावहारिक कार्यान्वयन हुनेछ ।<br>• कर्मचारी नियुक्ति, शुरु पदस्थापना, सरुवा, बढुवा, व्यवस्थित हुनेछ ।<br>• महानगरपालिकाको कार्य सम्पादन क्षमतामा सुधार आउनेछ ।<br>• पाँच वर्ष भित्रमा Core Staff को संख्या एक तिहाइले घटेको हुनेछ । | १५.काठमाडौं महानगरपालिकाले सम्पादन गर्नुपर्ने कामको कार्यविश्लेषणको आधारमा आवश्यक दरबन्दी पुनरावलोकन गरी दरबन्दी संख्या यकिन गरी विभाग, महाशाखा, शाखा, वडामा तह अनुसारको दरबन्दी किटान गर्ने । | २०६५ असोज मसान्त सम्म | म.सु.का. | प्र.सं.वि.वि. |
| | | | १६. कार्यविश्लेषणका आधारमा दरबन्दी समायोजन तथा पद तथा तह मिलान गर्ने । | २०६५ असोज मसान्त सम्म | म.सु.का. | प्र.सं.वि.वि. |
| | | | १७. कार्यविश्लेषणका आधारमा स्वीकृत दरबन्दी अनुसारका प्रत्येक पदको कार्यविवरण तयार गरी लागू गर्ने । | २०६५ असोज मसान्त सम्म | प्र.सं.वि.वि. | म.सु.का. |
| | | | १८. महानगरपालिकामा निरन्तर गरिरहनु पर्ने प्रमुख काम (Core Function) र समय तोकी वा बाहिरबाट सम्पादन गर्न सकिने काम (Non-Core Function) लाई वर्गीकरण गरी सोही आधारमा Core Staff र Non-Core Staff को संख्या, पद र कार्यविवरण तयार गर्ने । | २०६५ असोज मसान्त सम्म | म.सु.का. | प्र.सं.वि.वि. |
| | | | १९. कर्मचारी प्रशासनलाई समावेशी बनाउन सकारात्मक विभेद सम्बन्धी नीति तयार गर्ने । | २०६६ वैशाख मसान्त सम्म | म.सु.का. | प्र.सं.वि.वि. |
| | | | २०. जनशक्ति आपूर्तिका लागि लिइने सबै पद तथा तहका परीक्षाको पाठ्यक्रम निर्धारण गरी लागू गर्ने । | २०६६ वैशाख मसान्त सम्म | पदपुर्ति सचिवालय | म.सु.का. |
| | | | २१. पदपूर्ति समितिको कार्यविधि तयार गरी लागू गर्ने । | २०६५ असोज मसान्त सम्म | पदपुर्ति सचिवालय | म.सु.का. |
| | | | २२. **काठमाडौं महानगरपालिका कर्मचारी सेवा, सर्त तथा संचालन विनियम २०६४** तयार गर्ने । | २०६५ असोज मसान्त सम्म | प्र.सं.वि.वि. | प्र.सं.वि.वि. |
| | | | २३. महानगरपालिकाको रिक्त दरबन्दीमा नियमानुसार खुला तथा बढुवा प्रकृयाद्वारा पदपूर्ति गर्न वार्षिक कार्यतालिका बनाई लागू गर्ने । | २०६५ श्रावण १ गते | | |
| | | | २४. स्वेच्छिक अवकास सम्बन्धी कार्ययोजना तयार गरी लागू गर्ने । | २०६५ श्रावण १ गते देखि निरन्तर | | प्र.सं.वि.वि. |

| सुधारका क्षेत्रहरु | उद्देश्य | सूचक | क्रियाकलाप | समय सीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|---|
| | | | | | मुख्य | सहायक |
| | २. कार्यरत कर्मचारीहरुको क्षमता विकास र दक्षता अभिबृद्धि गर्ने । | • महानगरपालिकामा मानव संशाधन विकास केन्द्रको स्थापना हुनेछ ।<br>• वार्षिक रुपमा कम्तिमा चालिस जना कर्मचारीहरुलाई आवश्यकता र औचित्यका आधारमा स्वदेश भित्रै नियमितरुपमा विभिन्न खालका तालिम तथा प्रशिक्षण दिने व्यवस्था वार्षिक बजेटमा हुनेछ ।<br>• कार्यसम्पादन सूचकका आधारमा गरिएको मुल्याङ्कनको आधारमा कम्तिमा दशजना कर्मचारीलाई प्रत्येक वर्ष उच्चशिक्षा अध्ययन तथा वैदेशिक तालिममा सहभागी गराइनेछ । | २५. मानव संसाधन विकास सम्बन्धी नीति र कार्ययोजना तयार गर्ने । | २०६५ चैत्र मसान्त | म.सु.का. | प्र.सं.वि.वि. |
| | | | २६. आवश्यक तालिमको पाठ्यक्रम तयार गरी लागू गर्ने । | २०६६ आषाढ | म.सु.का. | प्र.सं.वि.वि. |
| | | | २७. नवप्रवेशी कर्मचारीलाई सेवा प्रवेश तालिम अनिवार्य गर्ने । | २०६५ असोज मसान्त सम्म | तालिम केन्द्र/ प्र.सं.वि.वि. | प्र.सं.वि.वि. |
| | | | २८. महानगरपालिकाको काम कारवाहीसंग सम्बन्धित विषयमा हरेक वर्ष सेवाकालीन तालिम प्रदान गर्ने । | २०६५ असोज मसान्त सम्म | | |
| | | | २९. महानगरपालिकामा तालिम संचालन गर्ने संयन्त्रको स्थापना गरी संचालनमा ल्याउने । | २०६६ वैशाख मसान्त | म.सु.का. प्र.सं.वि.वि. | प्र.सं.वि.वि. |
| | | | ३०. कर्मचारीको योग्यता, क्षमता र कार्यसम्पादन मुल्याङ्कनको आधारमा कार्यरत कर्मचारीलाई प्रत्येक वर्ष उच्चशिक्षा अध्ययन तथा वैदेशिक तालिमको व्यवस्था गर्ने । | २०६५ असोज मसान्त | | |
| | | | ३१. मानव संशाधन विकास नीति र कार्ययोजना अनुरुप क्षमता अभिबृकि लागि बजेट विनियोजन गर्ने । | २०६५ श्रावण १ गते देखि | आ.व्य.वि. | प्र.सं.वि.वि./ म.सु.का. |
| | | | ३२. कर्मचारी सेवा शर्त तथा संचालन विनियम २०६४ मा पुरस्कार तथा दण्ड सम्बन्धी स्पष्ट व्यवस्था गर्ने । | २०६५ असोज मसान्त | प्र.सं.वि.वि. | म.सु.का. |
| | ३. सबै तहका कर्मचारीहरुलाई कार्यविवरण अनुसारको काम प्रति जिम्मेवार र जवाफदेही बनाउने । | • कार्य सम्पादन मूल्यांकनको आधारमा सुविधा प्रदान गर्न Result Based Performance सम्बन्धी अवधारणा अवलम्बन गरिनेछ । | ३३. **काठमाडौं महानगरपालिका कर्मचारी सेवा, सर्त तथा संचालन विनियम २०६४** मा कार्यसम्पादन मुल्याङ्कनलाई यथार्थमा आधारित बनाउन आवश्यक व्यवस्था गर्ने । | २०६५ असोज मसान्त सम्म | म.सु.का. | प्र.सं.वि.वि. |
| | | | ३४.कार्यसम्पादन मूल्यांकन फारामलाई परिमार्जन गरी लागु गर्ने । | २०६५ असोज मसान्त सम्म | म.सु.का. | प्र.सं.वि.वि. |
| | | | ३५. कार्यसम्पादन मूल्यांकनलाई नियमित गर्न हरेक तहको सुपरीवेक्षक किटान गरी जिम्मेवार बनाइनेछ । | २०६५ असोज मसान्त सम्म | म.सु.का. | प्र.सं.वि.वि. |

| सुधारका क्षेत्रहरु | उद्देश्य | सूचक | क्रियाकलाप | समय सीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|---|
| | | | | | मुख्य | सहायक |
| **ग. वित्तीय कार्य कुशलतामा सुधार** | १. काठमाडौं महानगरपालिकाको आय-व्यय र श्रोत परिचालन अवस्थामा सुधार ल्याउने । | • महानगरपालिकाको आय योजना (तीन वर्षे र पाँच वर्षे) का आधारमा आय प्रक्षेपण गर्ने परिपाटी लागू हुनेछ ।<br>• तीन वर्ष भित्रमा महानगरपालिकाका नब्बे प्रतिशत करदाताको अभिलेख कम्प्युटर प्रणालीमा राखिनेछ ।<br>• तीन वर्ष भित्रमा घरजगा कर, व्यवसाय कर र घरजगा बहाल कर संकलनका लागि कम्प्युटरमा आधारित विलिङ्ग प्रणाली लागू गरिनेछ ।<br>• व्यवसाय कर, घरजग्गा कर, घर बहाल कर, विज्ञापन कर, बहाल विटौरी, सवारी कर तथा अन्य कर र गैर कर राजश्व संकलन सम्बन्धी व्यवस्थामा थप स्पष्टता आउनेछ ।<br>• पाँच वर्षभित्रमा काठमाडौं महानगरपालिकाको आन्तरिक राजश्व परिचालनमा आ.व. २०६३/०६४ को तुलनामा पचास प्रतिशतले बृद्धि हुनेछ । | ३६. **काठमाडौं महानगरपालिका आर्थिक प्रशासन विनियम २०६४** तयार गरी लागू गर्ने । | २०६५ चैत्र मसान्त भित्र | म.सु.का | आ.व्य.वि. |
| | | | ३७. राजश्व परिचालनको आवधिक योजना तयार गर्ने । | २०६५ असोज मसान्त भित्र | आ.व्य.वि. | म.सु.का. |
| | | | ३८. करदाता अभिलेख अद्यावधिक गर्न सफ्टवेयर तयार/प्राप्त गरी Unique Identity Number (UIN) का आधारमा करदाताको अभिलेख राख्ने Computerized System लागू गर्ने । | २०६५ असोज मसान्त भित्र | म.सु.का | आ.व्य.वि. |
| | | | ३९. महानगरपालिकाको कर तथा गैरकर राजश्व संकलन गर्न वडा कार्यालयलाई अधिकार प्रत्यायोजन गरी जिम्मेवार बनाउने । | २०६५ आषाढ मसान्त भित्र | का.म.पा. बोर्ड | कार्यकारी अधिकृत |
| | | | ४०. बहाल विटौरी कर सम्बन्धी नीति तयार गर्ने।<br>४१. राजश्व परिचालनका नयाँ क्षेत्र पहिचान गर्न अध्ययन गरी प्रतिवेदन तयार गर्ने । | २०६५ चैत्र मसान्त भित्र | आ.व्य.वि. | म.सु.का. |
| | | | ४२. मौजूदा ऐन नियमले प्रदान गरेका तर महानगरपालिको दायरामा नआएका कर, दस्तुर तथा शुल्कको सम्बन्धमा अध्ययन गरी सुझाव प्रतिवेदन तयार गर्ने । | २०६५ असोज मसान्त भित्र | आ.व्य.वि. | म.सु.का.<br>म.सु.का. |
| | | | ४३. महानगरपालिकाले प्राप्त गर्नु पर्ने विद्युत रोयल्टी, जग्गा रजिष्ट्रेजन, निकासी कर, प्राकृतिक श्रोत उपभोग कर आदिबाट प्राप्त गर्नुपर्ने राजश्व बाँडफाँड को रकम प्राप्त गर्ने सम्बन्धमा अध्ययन गरी सम्बद्ध निकायमा पेश गर्न प्रस्ताव तयार गर्ने । | २०६५ असोज मसान्त भित्र | आ.व्य.वि. | |
| | | | ४४. आधारभुत शहरी सुविधा (सडक, खानेपानी, विद्युत, ढल) को उपलब्धता र स्थान विशेषको महत्व) का आधारमा घरजग्गा मुल्याङ्कन गर्न Metric Addressing System सँग आवद्ध गर्ने परिपाटी लागू गर्ने । | २०६६ आषाढ मसान्त भित्र | GIS शाखा | म.सु.का. |
| | | | ४५. स-शुल्क पार्किङ्ग सम्बन्धी अध्ययन गरी पार्किङ्ग स्थलको विकास र शुल्क उठाउने कार्यलाई व्यवस्थित, प्रतिस्पर्धी र पारदर्शी तुल्याउन विनियममा आवश्यक व्यवस्था गर्ने । | २०६६ आषाढ<br>२०६६ आषाढ मसान्त भित्र | म.सु.का. | आ.व्य.वि. |

| सुधारका क्षेत्रहरु | उद्देश्य | सूचक | क्रियाकलाप | समय सीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|---|
| | | | | | मुख्य | सहायक |
| | २. खर्च/लेखा/लेखा परीक्षण व्यवस्थापनमा सुधार गर्ने। | ● लेखा प्रणाली र सार्वजनिक खरिद प्रणालीमा सुधार आउनेछ ।<br>● यथार्थमा आधारित बजेट समयमै तयार हुनेछ । (बजेटको आय र खर्च अनुमानको तुलनामा यथार्थ आय र खर्च दश प्रतिशत भन्दा बढी दरले फर परेको हुने छैन । )<br>● पेश्की तथा बेरुजू फछ्र्यौट कार्ययोजनाको कार्यान्वयन पछि तीन वर्ष भित्रमा पेश्की फछ्र्यौट तथा बेरुजू नियमित तर्फ पचहत्तर प्रतिशत प्रगति हासिल हुनेछ । | ४६. महानगरपालिकाको सार्वजनिक खर्चमा नियमितता, मितव्ययिता र एकरुपता ल्याउन अध्ययन गरी प्रतिवेदन तयार गरिनेछ । | २०६६ वैशाख मसान्त भित्र | म.सु.का. | आ.व्य.वि. |
| | | | ४७. सार्वजनिक खरिद एकाई व्यवस्थापन सम्बन्धमा विनियममा स्पष्ट व्यवस्था गर्ने । | २०६६ आषाढ मसान्त भित्र | म.सु.का. | आ.व्य.वि. |
| | | | ४८. प्रोदभावी (Accural Accounting System) लाई अद्यावधिक गरी पूर्णरुपमा लागू गर्ने । | २०६६ आषाढ मसान्त भित्र | आ.व्य.वि. | म.सु.का. |
| | | | ४९. पेश्की र बेरुजू फछ्र्यौट सम्बन्धी कार्ययोजना र दिग्दर्शन तयार गरी लागू गर्ने । | २०६५ माघ मसान्त भित्र | आ.व्य.वि. | म.सु.का. |
| | | | ५०. वार्षिक बजेट तर्जुमा दिग्दर्शन तयार गर्ने । | २०६५ असोज मसान्त भित्र | आ.व्य.वि. | म.सु.का. |
| | | | ५१. प्रत्येक महिनाको ५ गते भित्र अघिल्लो महिनाको आय व्यय विवरण सार्वजनिक गर्न ढाँचा तयार गरी प्रकृया नियमित गर्ने । | २०६५ असोज मसान्त भित्र | आ.व्य.वि. | म.सु.का. |
| | ३ काठमाडौं महानगरपालिकाको आफ्नो स्वामित्वमा रहेको र भोगाधिकार प्राप्त भएको सम्पूर्ण जग्गा जमिन, भवन र अन्य भौतिक सम्पत्तिको लगत तयार गरी संरक्षण र उपयोग सम्बन्धी आवश्यक व्यवस्था गर्ने । | ● महानगरपालिकालाई भोगाधिकार प्राप्त तथा महानगरपालिकाको संरक्षणमा रहेको सम्पत्तिको स्वामित्व प्राप्त गर्न सम्बन्धित निकायसँग नियमित सम्पर्क र समन्वयमा काम गरी तीन वर्ष भित्रमा त्यस्ता सम्पत्तिहरुको स्वामित्व प्राप्त गरिनेछ ।<br>● निजि क्षेत्र समेतको सहभागितामा महानगरपालिकाको स्वामित्वमा रहेका भौतिक सम्पत्तिहरुको उपयोगबाट तीन वर्ष पछि कुल आम्दानीमा दश प्रतिशतको योगदान पुग्न जानेछ । | ५२. आफ्नो स्वामित्वमा रहेका सम्पूर्ण सम्पत्तिको लगत तयार गरी संरक्षण र बहुउपयोगमा ल्याउन **सम्पत्ति संरक्षण शाखा**को स्थापना गरी संचालनमा ल्याउने । | २०६५ असोज मसान्त भित्र | परिषद/बोर्ड | म.सु.का. |
| | | | ५३. आफ्नो महानगरपालिकाको स्वामित्वमा रहेका सम्पूर्ण भौतिक सम्पत्तिहरुको लगत तयार गरी बहु उपयोग गर्ने सम्बन्धी निर्देशिका तयार गर्ने । | २०६५ असोज मसान्त भित्र | का.म.पा. परिषद बोड(निर्णय गर्ने । म.सु.का. मस्यौदा तयार गर्ने । | प्र.सं.वि.वि. |
| | | | ५४. महानगरपालिकाको आफ्नो स्वामित्वमा रहेको र भोगाधिकार प्राप्त सम्पत्तिको विवरण प्राप्त गरी स्वामित्व प्राप्त गर्न पहल गर्ने । | २०६५ चैत्र मसान्त भित्र | प्र.सं.वि.वि. | भौ.सू.प्र.के. |
| | | | | २०६७ साल भित्र | प्र.सं.वि.वि. | |
| | ४. कर्मचारी कल्याण कोषलाई कर्मचारीको अधिकतम हित प्रवर्द्धन गर्ने गरी परिचालन गर्ने । | ● कर्मचारी कल्याण कोषको रकमको उपयोगमा कम्तिमा ५० प्रतिशतले बृद्धि हुनेछ । | ५५. कर्मचारी कल्याण कोष संचालन सम्बन्धी निर्देशिका पुनरावलोकन गरी अद्यावधिक गर्ने । | २०६५ चैत्र मसान्त भित्र | म.सु.का. | आ.व्य.वि. |
| | | | ५६. कोषको रकमलाई घरजग्गा खरिद, सवारी साधन खरीद जस्ता प्रयोजनका लागि धितो राखी न्यूनतम व्याजमा कर्मचारीलाई ऋण प्रदान गर्ने । | निरन्तर | कोष संचालन समिति/आ.व्य.वि. | म.सु.का. |

| सुधारका क्षेत्रहरु | उद्देश्य | सूचक | क्रियाकलाप | समय सीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|---|
| | | | | | मुख्य | सहायक |
| | ५. महानगरपालिकालाई आवश्यक पर्ने आन्तरिक तथा बाह्य श्रोत उपलब्ध गराउन अन्तरनिकाय समन्वय र अन्तराष्ट्रिय सम्बन्धलाई व्यवस्थित र प्रभावकारी बनाउने । | • महानगरपालिकाको कूल बजेटमा वैदेशिक सहयोग तथा ऋणको योगदानमा चालिस प्रतिशतले बृद्धि हुनेछ ।<br>• पाँच वर्ष भित्रमा विश्वका थप दश नगरपालिकाहरुसँग Sister City Relation स्थापना हुनेछ । | ५७. अन्तराष्ट्रिय सम्बन्ध विस्तारमा प्रभावकारीता ल्याउन **संस्थागत क्षमता अभिबृद्धि कार्य योजना** तयार गर्ने । | २०६६ आषाढ मसान्त भित्र | म.सु.का. | का.अ. स. |
| | | | ५८. वैदेशिक सहयोग परिचालन र उपयोग सम्बन्धी आवश्यक नीति तयार गर्ने । | २०६५ असोज मसान्त भित्र | का.अ. स. | म.सु.का. |
| | | | ५९. वैदेशिक सहयोग प्रवर्द्धनका लागि City Ambassador को व्यवस्था सम्बन्धी दिग्दर्शन तयार गर्ने । | २०६५ असोज मसान्त भित्र | का.अ. स. | म.सु.का. |
| | | | ६०. ऋण, अनुदान र सहयोग परिचालनमा प्रभावकारीता ल्याउन विनियममा आवश्यक व्यवस्था गर्ने । | २०६६ आषाढ मसान्त भित्र | म.सु.का. | आ.व्य.वि. |
| | | | ६१. बैदेशिक सहयोग तथा ऋण प्राप्तीका लागि संस्थागत व्यवस्था सुदृढिकरण गर्ने । | २०६६ आषाढ मसान्त भित्र | का.अ. स. | म.सु.का. |

| सुधारका क्षेत्रहरु | उद्देश्य | सूचक | क्रियाकलाप | समय सीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|---|
| | | | | | मुख्य | सहायक |
| **घ. फोहरमैला व्यवस्थापन** | १. फोहरमैला व्यवस्थापनको विद्यमान नीतिमा पुनरावलोकन गरी निजी क्षेत्र र समुदायमा आधारित दिगो व्यवस्थापनमा जोड दिने । | • परिमार्जित नीति लागू भए पछि महानगरपालिकाको फोहरमैला व्यवस्थापन खर्चमा तीन वर्ष भित्रमा पचास प्रतिशतले कमी आउनेछ ।<br>• फोहरमैला व्यवस्थापन सम्बन्धी नागरिक चेतनामा अभिबृद्धि भई दिगो व्यवस्थापनमा नागरिक सहभागिता बढ्नेछ जसका कारण अन्तिम निश्कासनस्थलमा पुऱ्याउनु पर्ने फोहरको मात्रामा पचास प्रतिशतले कमी आउनेछ । | ६२. फोहरमैला व्यवस्थापनको विद्यमान नीतिमा पुनरावलोकन गरी समसामयिक सुधार गर्ने ।<br>६३. महानगरक्षेत्रको वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन सम्बन्धी कार्य योजना तयार गरी लागू गर्ने ।<br>६४. फोहरमैला संकलन, निष्कासन र अन्तिम व्यवस्थापनमा समुदाय निजी क्षेत्रको सहभागिता प्रबर्द्धन गर्न आवश्यक निर्देशिका तयार गरी लागू गर्ने ।<br>६५. फोहरमैला व्यवस्थापनमा नागरिक सहभागिता प्रबर्द्धन गर्न आवश्यक चेतनामूलक कार्यक्रमको कार्ययोजना तयार गरी लागू गर्ने। | २०६६ वैशाख मसान्त भित्र<br>२०६५ असोज मसान्त भित्र<br>२०६६ वैशाख मसान्त भित्र<br>२०६५ असोज मसान्त भित्र | वा.व्य.वि.<br>वा.व्य.वि.<br>म.सु.का.<br>वा.व्य.वि. | म.सु.का.<br>म.सु.का.<br>वा.व्य.वि.<br>म.सु.का. |
| | २.काठमाडौं महानगरपालिकामा प्रयोगमा रहेका उपकरण तथा सवारी साधनहरुको प्रभावकारी परिचालन गर्ने । | • निर्देशिका लागू भए पछि फोहरमैला व्यवस्थापनमा प्रयोग हुने उपकरण तथा सवारी साधनहरुको संचालन खर्चमा दश प्रतिशतले कमी आउनेछ ।<br>• उपकरण तथा सवारी साधन परिचालन र मर्मत सम्बन्धी खर्चमा पच्चिस प्रतिशतले कमी आउनेछ । | ६६. काठमाडौं महानगरपालिकामा प्रयोगमा रहेका उपकरण तथा सवारी साधनहरुको परिचालन सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने। | २०६५ माघ मसान्त भित्र | म.सु.का. | प्र.सं.वि.वि./वा.व्य.वि. |

| सुधारका क्षेत्रहरु | उद्देश्य | सूचक | क्रियाकलाप | समय सीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|---|
| | | | | | मुख्य | सहायक |
| **ङ. शहरी विकास तथा भौतिक पूर्वाधार विकास र व्यवस्थापन क्षेत्र** | १.महानगरको दिगो विकासका लागि भौतिक पूर्वाधार निर्माण तथा शहरी विकास व्यवस्थापन क्षेत्रमा सुधार गर्ने । | • शहरी विकास तथा पूर्वाधार निर्माण सम्बन्धी १० वर्षे दीर्घकालीन योजना ( २०६७-७७) र महानगरपालिकाको पहिलो पञ्चवर्षीय योजना (२०६७-७२) शहरी योजना आयोगबाट तयार हुनेछ ।<br>• महानगर यातायात गुरु योजना लागू भए पछि महानगर क्षेत्र भित्र सवारी आवागमनमा सुधार आउने छ । पार्किङ्ग क्षेत्र व्यवस्थित हुनेछ । सडक अतिक्रमण नियन्त्रणमा सतप्रतिशत सुधार आउनेछ ।<br>• पाँच वर्ष भित्रमा पाँचवटा व्यवस्थित बसोवास योजना तयार भई कार्यान्वयनमा आउनेछ । | ६७. दीर्घकालीन र आवधिक योजना तर्जुमाका लागि महानगर प्रोफाइल तयार गरी अद्यावधि गर्ने । | २०६६ असार मसान्त | म.सु.का | भौ.सू.प्र.के., |
| | | | ६८. शहरी विकास तथा पूर्वाधार निर्माण सम्बन्धी दीर्घकालीन योजना (Long Term Plan) तयार गर्ने । | तर्जुमा(२०६६ चैत्र मसान्त भित्र) र कार्यान्वयन (२०६७ श्रावण देखि) | श.यो.आ. | म.सु.का/ सबै विभागहरु |
| | | | ६९. महानगरपालिकाको पहिलो पञ्चवर्षीय योजना (२०६७-७२) तयार गर्ने | तर्जुमा (२०६६ चैत्र मसान्त भित्र) तथा कार्यान्वयन (२०६७ श्रावण देखि) | श.यो.आ. | म.सु.का, सबै विभागहरु |
| | | | ७०. काठमाडौं महानगरपालिकाको महानगर यातायात गुरुयोजना (Metropolitan Transport Master Plan) तयार गर्ने । | तर्जुमा (२०६६ आषाढ मसान्त भित्र) र कार्यान्वयन (२०६६ श्रावण देखि) | श.यो.आ. | श.वि.वि./ भौ.वि. नि. वि. |
| | | | ७१. घर नक्शा पास दिग्दर्शन तयार गरी लागू गर्ने । | २०६६ वैशाख मसान्त भित्र | श.वि.वि. | म.सु.का |
| | | | ७२. विद्यमान भौगोलिक सूचना प्रणालीलाई नियमित रुपमा अध्यावधिक गरी योजना तर्जुमा, पूर्वाधार एवं अन्य विकास निर्माण, राजश्व संकलन र सामाजिक विकासको क्षेत्रमा उपयोग गर्न एकीकृत नीति तयार गरी लागू गर्ने । | २०६५ मंसिर समान्त भित्र | म.सु.का | GIS उपयोग सँग संबन्धित सबै विभाग एवं शाखाहरु |
| | | | ७३. डिजिटल बेस म्याप र भूउपयोग नक्शा अद्यावधिक गर्ने । | २०६६ आषाढ महिना भित्र | श.वि.वि. | म.सु.का |
| | | | ७४. प्रकोप व्यवस्थापन नीति तथा गुरु योजना तयार गरी लागू गर्ने । | २०६५ चैत्र महिना भित्र | म.सु.का. | ज.सा.वि.वि. |
| | | | ७५. निजी क्षेत्रको सहभागितामा व्यवस्थित बसोवास योजना तयार गरी लागू गर्ने तथा महानगरपालिकाबाट संचालन गरिने जग्गा विकास/जग्गा एकीकरण कार्यक्रम संचालन सम्बन्धी कार्यविधि तयार गर्ने । | २०६६ साल भित्र | श.यो.आ. | श.वि.वि./ भौ.वि. नि. वि. |

| सुधारका क्षेत्रहरु | उद्देश्य | सूचक | क्रियाकलाप | समय सीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|---|
| | | | | | मुख्य | सहायक |
| | २. पूर्वाधार विकासमा जनसहभागिता प्रवर्द्धन गर्ने नीति लिने । | • निर्देशिका लागू भएपछि पूर्वाधार विकासमा जनसहभागिता प्रवर्द्धन भई सो को योगदानमा तीस प्रतिशतले बृद्धि हुनेछ ।<br>• पूर्वाधार विकासमा महानगरपालिकाको लगानी क्षमतामा तीस प्रतिशतले बृद्धि हुनेछ ।<br>• सामाजिक परीक्षणको व्यवस्थाले गुणस्तरयुक्त, मितव्ययी र सार्वजनिक परीक्षण र दिगो विकास हासिल हुनेछ र उपलब्धी उपर जनतामा अपनत्व भाव पैदा हुनेछ । | ७६. पूर्वाधार विकासमा जनसहभागिता प्रवर्द्धन र परिचालन गर्न निर्देशिका तयार गरी लागू गर्ने ।<br>७७. पूर्वाधार एवं विकास निर्माणका काममा जनउत्तरदायित्व, गुणस्तर तथा पारदर्शीता अभिबृद्धि गर्न प्रशासकीय कार्य संचालन विनियम २०६४मा सामाजिक संपरीक्षण कार्यविधिलाई व्यवस्थित गर्ने | २०६५ पौष मसान्त सम्म | म.सु.का.<br>म.सु.का. | भौ.वि.नि.वि.<br>भौ.वि.नि.वि. |
| | ३. दिगो विकासका लागि संस्थागत क्षमता अभिबृद्धि गर्ने । | • विभिन्न प्रयोजनका लागि सडक खन्दा सम्बन्धित वडाका सेवाग्राहीले जम्मा गर्ने गरेको सडक मर्मत बापतको रकम र वडा कार्यालयले आफ्नो क्षेत्रभित्र संकलन गरेको बहाल करको सत्तरी प्रतिशत रकम कोषमा जम्मा हुने व्यवस्था भएको हुनेछ ।<br>• वडा कार्यालयले निर्णय गरी सो कोषबाट एक पटकमा रु २५ हजारमा नबढ्ने गरी पूर्वाधार मर्मत संभारमा खर्च गर्न व्यवस्था कायम हुनेछ ।<br>• पूर्वाधार निर्माण तथा सुधारमा हाल देखिएको दोहोरोपनाको अन्य हुनेछ ।<br>• कार्य योजनाको कार्यान्वयन पछि प्रशासनिक खर्चमा दश प्रतिशतले कमी आउनेछ । | ७८. सडक तथा पूर्वाधार मर्मत संभार कोषको स्थापना र सञ्चालन गर्नका लागि निर्देशिका बनाई लागू गर्ने ।<br>७९. पूर्वाधार विकासमा लगानी बढाउनको लागि कार्य योजना तयार गरी लागू गर्ने । | २०६५ पौस मसान्त सम्म<br>२०६६ वैशाख मसान्त सम्म | म.सु.का.<br>भौ.वि.नि.वि. | भौ.वि.नि.वि.<br>म.सु.का. |
| | ४. विकास निर्माणका काममा वडा कार्यालयको भूमिका विस्तार गर्ने । | • विकासमा स्थानीय समुदाय/सरोकारवालाको पहुँच बढ्नेछ ।<br>• महानगरपालिका केन्द्रीय कार्यालयको कार्यबोझमा कमी आउनेछ । | ८०. विकास योजनाहरुलाई केन्द्र र वडास्तर गरी दुई वर्गमा विभाजन गर्नका लागि स्पष्ट आधार तोक्ने।<br>८१. वडास्तरीय योजना छनौट, निर्माण/संचालन एवम् मर्मत संभार जस्ता कार्यलाई व्यवस्थित गर्न निर्देशिका तयार गरी लागू गर्ने । | २०६५ आषाढ मसान्त भित्र<br>२०६५ असोज मसान्त भित्र | म.सु.का.<br>म.सु.का. | प्र.सं.वि.वि.<br>प्र.सं.वि.वि. |

| सुधारका क्षेत्रहरु | उद्देश्य | सूचक | क्रियाकलाप | समय सीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|---|
| | | | | | मुख्य | सहायक |
| | ५ पूर्वाधार निर्माण तथा शहरी विकास व्यवस्थापनमा सार्वजनिक नीजि साझेदारी अवधारणा अवलम्बन गर्ने । | • सार्वजनिजक निजी साझेदारीमा सम्पन्न हुने विकास योजना तथा कार्यक्रमहरुको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना तयार भई लागू हुनेछ ।<br>• महानगरको पूर्वाधार तथा शहरी विकासमा निजी क्षेत्रको संलग्नतामा बृद्धि हुनेछ ।<br>• महानगरपालिकाको पूर्वाधार विकासमा लगानी गर्ने क्षमतामा पच्चीस प्रतिशत थप बृद्धि हुनेछ । | ८२. स्थानीय निकायका लागि तयार गरिएको सार्वजनिक - निजी साझेदारी निर्देशिका कार्यान्वयन गर्नका लागि उपयुक्त संस्थागत संरचना सहितको कार्य योजना तयार गर्ने । | २०६६ वैशाख मसान्त भित्र | सा.नि.सा. | म.सु.का. |
| | | | ८३. शहरी योजना आयोग अन्तर्गत रहने गरी स्पष्ट कार्यविवरण सहितको **सार्वजनिक निजी साझेदारी एकाईको** स्थापना गर्ने । | २०६५ असार मसान्त भित्र | बोर्ड/परिषद् | म.सु.का. |
| | | | ८४. निजी क्षेत्रको सहभागिता र सहयोगमा सार्वजनिक उद्यान तथा बाल उद्यानको प्रबन्ध गरी महानगरवासीलाई स्वच्छ वातावरण प्रदान गर्न भै रहेका खुल्ला स्थलको संरक्षणका साथै नयाँ स्थलको पहिचान गरी तिनको प्राप्ती र संरक्षण गर्ने । | २०६५ साल चैत्र मसान्त भित्र | सा.नि.सा. | |

| सुधारका क्षेत्रहरु | उद्देश्य | सूचक | क्रियाकलाप | समय सीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|---|
| | | | | | मुख्य | सहायक |
| **च.सुशासन तथा सेवा प्रवाह क्षेत्र** | १. महानगरपालिकाको आन्तरिक व्यवस्थापनलाई सेवाग्राहीमुखी (Client Oriented) बनाई आफुले प्रदान गर्ने सेवा सुविधालाई सरल, सहज, प्रभावकारी, पारदर्शी र उत्तरदायी तुल्याउने । | • नागरिक वडापत्र बमोजिम सेवाग्राहीलाई तोकिएको समय भित्र निर्दिष्ट गुणस्तर र परिमाणमा सेवा दिन नसक्ने अवस्था उत्पन्न भएमा सेवा दिने अधिकारीले Note of Service Deny उपलब्ध गराउने व्यवस्था कायम हुनेछ र बडा पत्रमा उल्लेखित गुनासो सुन्ने अधिकारीले Note of Service Deny उपर सुनुवाई गर्ने र सो को आधारमा सेवाग्राहीलाई सेवा प्रदान गर्नु पर्ने नपर्ने निर्णय गर्ने व्यवस्था कायम भएको हुनेछ र Note of Service Deny निराधार ठहरिएमा सम्बन्धित कर्मचारीको कार्य सम्पादन मुल्याङ्कन गर्दा सो कुरालाई समेत आधार मान्ने व्यवस्था कायम हुनेछ। | ८५. विभिन्न पद तथा तहमा कार्यरत अधिकृत तथा कर्मचारीहरुको काम, कर्तव्य र अधिकार सम्बन्धी स्पष्ट व्यवस्था समेत खुल्ने गरी । | २०६५ असोज मसान्त भित्र | म.सु.का. | प्र.सं.वि.वि. |
| | | | ८६. **काठमाडौं महानगरपालिकाको प्रशासकीय कार्य संचालन विनियम २०६४** तर्जुमा गरी लागू गर्ने । | २०६५ बैशाख भित्र | म.सु.का. | प्र.सं.वि.वि. |
| | | | ८७. विनियममा निजी क्षेत्रका विषय विशेषज्ञहरुबाट आवधिकरुपमा सेवाग्राही सर्वेक्षण गर्ने व्यवस्था गरिनेछ । | | | |
| | | | ८८. विनियम लागू भएको मितिले दुई वर्ष भित्रमा महानगरपालिका अन्तर्गतका सेवा दिने स्थललाई जनमैत्री र पारदर्शी बनाउन सेवा स्थलको Layout मिलाइनेछ । | २०६६ वैशाख मसान्त भित्र | म.सु.का. | प्र.सं.वि.वि. |
| | | | ८९.मौजूदा नागरिक वडापत्रमा समयानुकुल सुधार गरी परिमार्जित नागरिक वडापत्र तयार गर्ने । | २०६५ जेठ मसान्त भित्र | म.सु.का. | प्र.सं.वि.वि. |
| | | | ९०.सेवाग्राहीले माग गरेको कुनै सेवा महानगरपालिकाको सेवा दिने अधिकारी/कर्मचारीले उपलब्ध गराउन नसक्ने भएमा कारण खोली सेवा माग गर्ने सेवाग्राहीलाई त्यस्तो सेवा दिन नसक्ने व्यहोराको Note of Service Deny दिने व्यवस्थाका लागि सोको ढाँचा तयार गर्ने । | २०६५ जेठ मसान्त भित्र | म.सु.का. | प्र.सं.वि.वि. |
| | | | ९१. स्पष्ट कार्य जिम्मेवारीका साथ मूल दर्ता चलानी तथा सहायता कक्षको (Help desk) को संस्थागत व्यवस्था गर्ने । | २०६५ असोज मसान्त भित्र | म.सु.का. | प्र.सं.वि.वि. |
| | | | ९२. मूल दर्ता चलानी तथा सहायता कक्षमा प्रत्येक विभागका लागि छुट्टा छुट्टै Pigeon Hole को व्यवस्था गर्ने । | २०६५ जेठ मसान्त | प्र.सं.वि.वि. | म.सु.का. |
| | २. महानगरपालिकामा आउने गरेका विवाद समाधानमा वडा कार्यालयको भूमिका स्थापित गर्ने । | • काठमाडौं महानगरपालिका केन्द्रीय कार्यालयले निरुपण गर्नु पर्ने मुद्दा मामिला सम्बन्धी कार्य बोझमा पचास प्रतिशतले कमी आउनेछ ।<br>• सेवाग्राहीको समय र खर्चमा कमी आउनेछ । | ९३. वडा स्तरमा मेलमिलाप समिति गठन गरी कार्य संचालन गर्न प्रशासकीय कार्य संचालन विनियम २०६४ मा व्यवस्था गर्ने । | २०६५ असोज मसान्त भित्र | म.सु.का. | का.म. |
| | | | ९४.महानगरपालिकामा दायर हुने उजुरीहरुको शुरु दर्ता र प्रारम्भिक कारवाही वडा कार्यालयमा गर्ने व्यवस्था मिलाउने। | २०६५ असोज मसान्त भित्र | का.म. | म.सु.का. |

| सुधारका क्षेत्रहरु | उद्देश्य | सूचक | क्रियाकलाप | समय सीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|---|
| | | | | | मुख्य | सहायक |
| | ३. वडा कार्यालयलाई महानगरबासीको नजिकको सेवा प्रदायक संस्थाको रुपमा स्थापित गर्ने । | ● भवन निर्माण, फोहरमैला व्यवस्थापन, शहरी जनस्वास्थ्य लगायत महानगरपालिकाले प्रदान गर्ने सबै प्रकारका सेवा सुविधाहरु प्रचलित ऐन नियमको परिधिभित्र रही सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सक्ने व्यवस्था लागू हुनेछ ।<br>● काठमाडौं महानगरपालिका केन्द्रीय कार्यालयको कार्यबोझमा चालिस प्रतिशतले कमी आई साधन परिचालन क्षमतामा उलेख्य मात्रामा बृद्धि हुनेछ । | ९५. भवन निर्माण अनुमति दरखास्त फाराम वडा कार्यालयबाट प्राप्त गरी सोही कार्यालयमा दर्ता गर्ने र स्वीकृती बाहेकका सम्पूर्ण प्रकृया वडाबाटै हुने व्यवस्था गर्ने ।<br>९६. निश्चित क्षेत्रफलको सीमा भित्रका नयाँ घर निर्माणको नक्शापास वडा कार्यालयबाटै गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।<br>९७. फोहरमैला व्यवस्थापनमा वडा कार्यालयको भूमिका विस्तार गर्ने नीति तयार गरी लागू गर्ने ।<br>९८. महानगरपालिकाले प्रदान गर्ने सबै प्रकारका सेवा, सुविधाहरु प्रचलित ऐन नियमको परिधि भित्र रही सेवाग्राहीले सम्बन्धित वडा कार्यालयबाटै प्राप्त गर्न सक्ने गरी वडा कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने । | २०६५ श्रावण १ गते बाट निरन्तर<br>२०६५ असार मसान्त<br>२०६६ वैशाख भित्र<br>२०६५ श्रावण १ गते बाट निरन्तर | का.म.पा<br>का.म.पा प्रमुख<br>म.सु.का.<br>का.म.पा. | व.का.<br>श.वि.वि.<br>का.म.पा.<br>म.सु.का. |
| | ४. आन्तरिक व्यवस्थापनमा सुधार गरी महानगरप्रशासनलाई जनमुखी बनाउने । | ● सदाचार पद्धतिको परिपालनालाई कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिनेछ । | ९९. महानगरपालिका प्रशासनलाई स्वच्छ, चुस्त दुरुस्त तुल्याई कर्मचारीमा सेवामुखी धारणा विकास गर्न सदाचार पद्धति तयार गरी लागू गर्ने । | २०६६ आषाढ मसान्त भित्र | म.सु.का. | प्र.सं.वि.वि. |
| | ५. महानगरपालिकाले सम्पादन गर्ने काम मध्ये सम्भव भए सम्मका कामहरु समुदाय परिचालनमा आधारित भई सम्पन्न गर्ने नीति लिने । | ● महानगरपालिकाको काममा समुदायको सहयोग र सहभागिता बढ्नेछ ।<br>● निर्देशिकाको कार्यान्वयन पछि महानगरपालिकाको खर्चमा दश प्रतिशतले कमी आइ पूर्वाधार विकास लगानी क्षमतामा बृद्धि हुनेछ । | १००. समुदाय परिचालन गरी सम्पन्न गर्न सकिने कामहरुको विवरण तयार गर्ने ।<br>१०१. समुदाय परिचालन निर्देशिका तयार गरी लागू गर्ने । | २०६५ मंसिर मसान्त भित्र<br>२०६६ वैशाख मसान्त भित्र | म.सु.का.<br>म.सु.का. | ज.सा.वि.वि.<br>ज.सा.वि.वि. |

| सुधारका क्षेत्रहरु | उद्देश्य | सूचक | क्रियाकलाप | समय सीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|---|
| | | | | | मुख्य | सहायक |
| **छ.सूचना तथा संचार र विद्युतीय शासन क्षेत्र** | १. सेवा प्रवाहमा सुधार गर्न महानगरपालिकामा विद्युतीय शासन (e-Governance) पद्धति अवलम्बन गर्ने । | • महानगरपालिकाले प्रदान गर्ने सेवा प्राप्त गर्न भर्नु पर्ने फारम, निवेदन, पूरा गर्नु पर्ने प्रकृयाको विवरण, सम्बन्धित निकाय र पदाधिकारी वा कर्मचारी समेतको विवरण २०६५ साल बैशाख १ गतेबाट Web-site मा तथा सोधपुछ कक्षमा सिधा सम्पर्क गरी उपलब्ध हुनेछ । | १०२. महानगरपालिकाको Web-site निर्माण गरी नियमित रुपमा अद्यावधिक गर्ने ।<br>१०३. सूचना (Information) हरुको निर्वाध प्रवाहमा संभव भए सम्म Internet, e-mail को उपयोग गर्ने ।<br>१०४. महानगरपालिकामा कार्यरत सबै अधिकृतस्तरका कर्मचारीको कार्यकक्षमा Internet सुविधा उपलब्ध गराउने । | २०६५ असोज मसान्त भित्र<br>२०६६ असोज मसान्त भित्र<br>२०६५ असोज मसान्त भित्र | म.सु.का.<br>का.म.पा<br>का.म.पा.. | सू.अ.म.<br>सू.अ.म.<br>सू.अ.म. |
| | ३. महानगरपालिका भित्र पारदर्शिता प्रवर्द्धन गर्न तथा विकास कार्यमा सूचनाको उपयोग गर्न आम संचारका माध्यमहरुको प्रभावकारी उपयोग गर्ने । | • महानगरको समग्र विकास कार्यमा आम संचारको उपयोग गर्ने परिपाटी बस्नेछ ।<br>• External Communication का लागि सञ्चार माध्यमहरुको उपयोगमा प्रभावकारिता आउनेछ ।<br>• पारदर्शिता प्रवर्द्धन हुनेछ ।<br>• अन्तर/आन्तरिक विभाग, महाशाखा, सचिवालय, समिति, वडा कार्यालय बीच समन्वय र सम्पर्क कायम हुन गई Information Sharing Culture को विकास हुनेछ ।<br>• Intra Department Conflict विभाग स्तरमै र Inter Deparment conflict संगठन स्तरमा समाधान भएको हुनेछ । | १०५. मेट्रो एफ.एम.को प्रभावकारी संचालनका लागि अध्ययन प्रतिवेदन तयार गरी लागू गर्ने ।<br>१०६. महानगर बुलेटिनलाई स्तरोन्नति गरी नियमित प्रकाशनको व्यवस्था गर्ने ।<br>१०७.टेलिभिजन कार्यक्रम संचालन निर्देशिका तयार गरी लागू गर्ने ।<br>१०८. महानगरपालिकाको सूचना तथा संचार नीति तयार गरी लागू गर्ने ।<br>१०९.विभागहरु बीच आपसी समन्वय र संचारका लागि हरेक महिनाको अन्तिम शुक्रवार विभागीय प्रमुख एवं महाशाखा प्रमुखहरुको बैठक बस्ने ।<br>११०. विभाग मातहतका महाशाखा र शाखाप्रमुखको नियमित बैठक हरेक महिनाको दुई पटक बस्नेछ । | २०६५ चैत्र मसान्त भित्र<br>२०६५ चैत्र मसान्त भित्र<br>२०६५ चैत्र मसान्त भित्र<br>२०६५ चैत्र मसान्त भित्र<br>२०६५ बैशाख महिना देखि<br>२०६५ बैशाख महिना देखि | म.सु.का.<br>म.सु.का.<br>म.सु.का.<br>म.सु.का.<br>सू.अ.म. | मि. शा.<br>मि. शा.<br>मि. शा.<br>मि. शा.<br>मि. शा. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | २ महानगरपालिका प्रशासनलाई चुस्त, छिटो, छरितो र आधुनिक सूचना प्रविधियुक्त तुल्याउन कम्प्यूटर प्रणालीमा आधारित कार्य वातावरण तयार गर्ने । | • महानगरपालिकामा आन्तरिक/अन्तर निकाय IComputer Networking को स्थापना र Information Sharing Culture को विकास हुनेछ ।<br>• प्रत्येक वर्ष वीस जना कर्मचारीलाई Advanced Computer Training र चालिस जना कर्मचारीलाई Basic Computer Training प्रदान गरी पाँच वर्ष भित्र सबै अधिकृत एवं सहायक कर्मचारीहरुलाई कम्प्युटर प्रणालीमा आधारित काम गर्न सक्षम बनाइनेछ ।<br>• महानगरपालिकाले प्रदान गर्ने सेवा प्राप्त गर्न पेश गर्नुपर्ने निवेदन, फारामको ढाँचा तथा चाहिने कागजातको विवरण सेवाग्राहीले महानगरपालिकाको Website बाट प्राप्त गर्न सक्नेछन् । | १११. महानगरपालिकाका लागि उपयुक्त हुने MIS Software विकास वा खरिद गरी लागू गर्ने । | आ.व. २०६६/०६७ | म.सु.का. | सू.अ.म. |
| | | | ११२. हाल संचालनमा रहेका कर्मचारीको व्यक्तिगत विवरण (Personnel Information), नाता प्रमाणित,जिन्सी,पञ्जीकरण लेखा र राजश्व सफ्टवेयरहरु अध्यावधिक गरी कार्यान्वयन गर्ने । | आ.व. २०६६/०६७ | म.सु.का. | सू.अ.म. |
| | | | ११३. केन्द्रीय कार्यालय, वडा कार्यालय र महानगरपालिकाका अन्य कार्यालयहरुलाई कम्प्युटर सूचना संजाल(तार सहित/तार रहित)मा आवद्ध गर्ने । | २०६६ वैशाख मसान्त | म.सु.का. | सू.अ.म. |
| | | | ११४. प्रत्येक वर्ष निश्चित संख्याका कर्मचारीलाई Basic तथा Advance computer training प्रदान गर्ने । | आ.व. २०६५/६६ देखि निरन्तर | प्र.सं.वि.वि. | सू.अ.म. |
| | | | ११५. महानगरपालिकामा चौथो तह भन्दा माथिका रिक्त दरबन्दीमा पदपूर्ति गर्दा आधारभूत कम्प्युटर तालिम प्राप्त कर्मचारीलाई प्राथमिकता दिने नीति लागू गर्ने । | आ.व. २०६५/६६ देखि निरन्तर | प्र.सं.वि.वि./बोर्ड/परिषद | |

| सुधारका क्षेत्रहरु | उद्देश्य | सूचक | क्रियाकलाप | समय सीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|---|
| | | | | | मुख्य | सहायक |
| **ज. जनस्वास्थ्य तथा सामाजिक विकास क्षेत्र** | १. महानगरपालिकाले प्रदान गर्दै आएको शहरी जनस्वास्थ्य सेवा लाई सामुदायिकीकरण गर्ने नीति लिने । | • प्रारम्भमा शहरी स्वास्थ्य केन्द्रको संचालनमा समुदायको सहभागिता रहेको हुनेछ र ३ वर्ष पछि सबै स्थास्थ्य केन्द्रहरु समुदायमा हस्तान्तरण भई संचालन भएका हुनेछन् । | ११६. महानगरपालिकाले संचालन गर्दै आएका शहरी स्वास्थ्य केन्द्रको संचालनमा समुदायको सहभागिता बढाउन तथा समुदायलाई हस्तान्तरण गर्न प्रशासकीय कार्य संचालन विनियम २०६४ समावेश गरी लागू गर्ने । | २०६५ असोज मसान्त सम्म | म.सु.का. | ज.सा.वि.वि. |
| | | | ११७. काठमाडौं महानगरपालिकाको वातावरण व्यवस्थापन विभागको परिसर भित्र कर्मचारीहरुको सुविधाको लागि शिशु स्याहार केन्द्रको स्थापना गरी संचालन गर्ने । | २०६६ असोज मसान्त सम्म | वा.व्य.वि. | ज.सा.वि.वि. |
| | २.महानगरबासीको हित प्रवर्द्धनमा केन्द्रित रही सामाजिक विकासका विभिन्न क्षेत्रमा योगदान गर्ने नीति लिने । | • महानगरपालिका सहभागी हुने समाज कल्याण र सामाजिक विकासका क्षेत्र पहिचान हुनेछ । | ११८. समाज कल्याण निर्देशिका तयार गरी लागू गर्ने । | २०६६ आषाढ मसान्त सम्म | म.सु.का. | ज.सा.वि.वि. |
| | | • गैर-सरकारी एवं नागरिक समाजसँग महानगरपालिकाको सहकार्य बृद्धि भएको हुनेछ । | ११९. महानगर क्षेत्र भित्र रहेका गैऱ्ह सरकारी संस्था, सामाजिक संस्था तथा सामुदायिक संस्थाहरुको विवरण प्रोफाइल तयार गर्ने । | २०६६ आषाढ मसान्त सम्म | म.सु.का. | ज.सा.वि.वि. |
| | | • महानगर शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार तथा कार्यालय संचालन विधि तयार गरिएको हुनेछ । | १२०. गैरसरकारी सामाजिक एवं सामुदायिक संस्थाहरु महानगरपालिकामा सुचिकृत हुने आवश्यक व्यवस्था गर्ने । | २०६६ आषाढ मसान्त सम्म | का.म.पा. | ज.सा.वि.वि. |
| | | | १२१. महानगरपालिका भित्र संचालित सामुदायिक तथा संस्थागत विद्यालयहरुको संस्थागत विवरण तयार गर्ने । | २०६६ आषाढ मसान्त सम्म | का.म.पा. | ज.सा.वि.वि. |
| | | | १२२. महानगर खेलकुद विकास समिति गठन तथा संचालन गर्न आवश्यक निर्देशिका तयार गरी लागू गर्ने । | २०६६ आषाढ मसान्त सम्म | म.सु.का. | ज.सा.वि.वि. |
| | | | १२३. महानगर क्षेत्रको शैक्षिक अवस्था सुधार गर्न तथा सो को प्रभावकारी नियमन गर्नका लागि प्रशासकीय कार्य संचालन विनियम २०६४ मा आवश्यक व्यवस्था गरी लागू गर्ने । | २०६६ आषाढ मसान्त सम्म | म.सु.का. | ज.सा.वि.वि. |

| सुधारका क्षेत्रहरु | उद्देश्य | सूचक | क्रियाकलाप | समय सीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|---|
| | | | | | मुख्य | सहायक |
| **झ. समन्वय र संयुक्त समिति गठन** | १. स्थानीय निकाय संयुक्त समिति तथा अन्य निकायहरुसँगको अन्तरसम्बन्ध र सहकार्य अभिबृद्धि गर्ने। | • संयुक्त समिति गठन हुनेछ । <br> • साझा प्रकृतीका कार्य र अर्न्तनिकाय समन्वयका आधार सहितको कार्यविधि तयार हुनेछ । | १२४. साझा प्रकृतिको कामका लागि महानगरपालिकाको पहलमा कामको प्रकृति अनुसार अन्तरनिकाय समन्वय र सहकार्यको लागि आवश्यक नीतिगत व्यवस्था गर्ने । | २०६५ श्रावण मसान्त देखि निरन्तर | का.म.पा. | प्र.सं.वि.वि. |
| | | | १२५. सरकारी र गैऱ्ह सरकारी क्षेत्र एवं दातृ निकायसँग सहकार्य गर्न संस्थागत संयन्त्रको व्यवस्था गर्ने । | २०६५ श्रावण मसान्त देखि निरन्तर | का.म.पा. | का.अ. सचिवालय |
| **ञ. संस्कृति सम्पदा तथा पर्यटन क्षेत्र** | १. महानगरको कला, सँस्कृति, सम्पदा र परम्परागत जीवन शैलीको संरक्षण सम्वर्द्धन गर्दै पर्यटन विकासमा योगदान दिने । | • महानगरको कला, सँस्कृति, सम्पदा र परम्परागत जीवन शैलीको संरक्षण हुने र यसमा समुदायको समेत सहयोग प्राप्त हुनेछ । <br> • तीन वर्ष भित्रमा महानगरक्षेत्रभित्र रहेका सबै सम्भावित पर्यटनस्थलहरुको पहिचान भई सूची तयार हुनेछ । <br> • पाँच वर्ष भित्रमा पहिचान भएका सबै पर्यटनस्थलहरुमा समुचित पूर्वाधार विकास हुनेछ। <br> • पाँच वर्ष भित्रमा पर्यटन सेवाबाट प्राप्त हुने राजश्वमा असी प्रतिशतले बृद्धि हुनेछ । | १२६. महानगर क्षेत्रभित्रको परम्परागत कला, सँस्कृति, पर्व, मेला, बाजागाजा, नाच, लिपि, जीवन शैलीको खोज गरी सूची तयार गर्ने । | २०६५ मंसिर भित्र | सँ.स.प.म. | |
| | | | १२७. निजी क्षेत्र र समुदायको सहभागितामा महानगरको पर्यटन प्रबर्द्धन गर्ने सम्बन्धमा आवश्यक नीति तर्जुमा गरी लागू गर्ने । | २०६६ आषाढ मसान्त भित्र | सँ.स.प.म. | |
| | | | १२८. विद्यमान पर्यटनस्थलहरुको संरक्षण गर्दै नयाँ पर्यटनस्थलको पहिचान गरी समुचित विकास गर्ने । | २०६६ वैशाख मसान्त देखि निरन्तर | सँ.स.प.म. | भौ.वि..नि.वि./श.यो.आ. |

## महानगर सुधार कार्यक्रम कार्यान्वयन रणनीति

महानगर सुधार कार्यक्रम कार्यन्वयनका क्रममा देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ :

१) काठमाडौं महानगरपालिकाबाट गुणस्तरयुक्त महानगर सेवा प्राप्त गर्नु प्रत्येक नगरबासीको मौलिक अधिकार भएको तथ्यलाई आत्मसाथ गरिनेछ ।

२) काठमाडौं महानगरपालिकाका वडा कार्यालयहरुको क्षमता अभिबृद्धि गरी सेवा प्रवाह केन्द्रका रुपमा विकास गरिनेछ ।

३) महानगरको दिगो तथा व्यवस्थित विकासका लागि आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जूमा गर्न तथा महानगर सुधारको कार्यलाई निरन्तरता प्रदान गर्न उपयुक्त संस्थात्मक व्यवस्था गरिनेछ ।

४) महानगरपालिकाले प्रदान गर्ने सार्वजनिक सेवामा समुदायको अनुगमनात्मक भूमिका प्रवर्द्धन गर्न महानगरपालिकाले सम्पादन गर्ने कामको सामाजिक सम्परीक्षण गर्ने परिपाटी लागू गरिनेछ ।

५) सेवा प्रवाहलाई सरल बनाइ महानगरपालिकाले प्रदान गर्ने सेवामा महानगरवासीको सहज पहुँच स्थापित गर्न विद्युतीय शासन प्रणाली अवलम्बन गरिनेछ ।

६) काठमाडौं महानगरपालिकाले मार्ग चित्रमा उल्लेख भएका कृयाकलापहरुको कार्यान्वयनका लागि आवश्यक पर्ने श्रोत साधनको व्यवस्था गर्नेछ ।

७) महानगर सुधार कार्यक्रम कार्यान्वयको क्रममा राजनैतिक दल, नागरिक समाज, साझेदार निकायहरु, नीजिक्षेत्र एवम अन्य सरोकार वालाहरुसँग आवश्यकतानुसार छलफल, अन्तरक्रिया, परामर्श, समन्वय साझेदारी र सहकार्य गरिनेछ ।

## निश्कर्ष:

प्रस्तुत मार्गचित्रमा समेटिएका कृयाकलापहरुको कार्यन्वयनबाट आजको काठमाडौं महानगरपालिकालाई आधुनिक विशेषतायुक्त जिम्मेवार नगर सरकारका रुपमा रुपान्तरण गर्न मद्दत पुग्नेछ। जनमैत्री प्रशासन, उत्तरदायी र जवाफदेही कर्मचारी संयन्त्र, सुधारिएको सेवा प्रवाह प्रणाली र उच्च प्रविधि युक्त कार्यगत संरचनाबाट महानगरपालिकाले प्रदान गर्ने सेवामा सेवाग्रहीको पहुँचमा थप सहजता आउनेछ। जनताको नजिकमा रहेको संस्थाबाट प्रदान गरीने सेवा नै छिटो छरितो, सर्व सुलभ र मितव्ययी हुन्छ भन्ने विकेन्द्रीकरणको अवधारणा बमोजिम महानगरपालिकाको अग्रस्थानमा रहेको सेवा प्रदायक संस्था वडा कार्यालयलाई बढी अधिकार सम्पन्न र जिम्मेवार बनाउने नीतिगत व्यवस्थाले स्थानीय बासिन्दालाई छिमेकमा स्थानीय सरकार (Local Government at Next Door) रहेको अनुभूति हुन जानेछ। यसबाट महानगरबासीमा काठमाडौं महानगरपालिका प्रति आस्था र विश्वास बढ्न गई अपनत्व भाव (Sense of belongingness) पैदा हुन जानेछ।

मार्गचित्रको कार्यान्वयन पछि महानगर निर्माणको कार्यले स्पष्ट गन्तव्य प्राप्त गर्नेछ। महागनरको समग्र विकास र शहरी व्यवस्थापन सम्बन्धी दीर्घकालीन आवधिक र अल्पकालीन योजना तर्जुमा हुन गई योजनाबद्ध र व्यवस्थित नगर विकास प्रयासका माध्यमले केही वर्ष भित्रैमा राजधानी शहरलाई स्वस्थ, सुन्दर, सुसंस्कृत , उच्च प्रविधियुक्त (High-Tech) , समृद्ध र व्यवस्थित शहरका रुपमा रुपान्तरण गर्ने काठमडौं महागनरपालिकको परिकल्पना (Vision) ले साकाररुप लिन थाल्नेछ। फोहरमैलाको दिगो व्यवस्थापन, पर्यावरण संरक्षण तथा हरियाली प्रवर्द्धन जस्ता कार्यक्रम कार्यान्वयनबाट महानगर र यस वरपरका क्षेत्रमा वातावरणीय स्वच्छता कायम हुन गई केही वर्ष भित्रैमा काठमाडौंलाई स्वच्छ एवं सुन्दर महानगरीका रुपमा विकास गर्न सकिनेछ। महानगर यातायात गुरुयोजना (Metropolitan Transport Master Plan) को कार्यान्वयनबाट महानगरपालिका क्षेत्र भित्रका शहरी सडकहरुको नियमित मर्मत संम्भार र स्तरोन्नती गर्ने कार्य सहज हुन गई महानगर क्षेत्रलाई धुलो र हिलोबाट मुक्त गर्नुका अतिरिक्त सवारी आवागमनमा सहजता आउनेछ।

यसका अलावा मार्गचित्रको सफल कार्यान्वयन पछि स्रोत साधन परिचालनमा सुधार आई काठमाडौं महागनरपालिकाको लगानी एवं सेवा प्रवाह क्षमतामा अभिबृद्धि हुन जानेछ। कानुन प्रदत्त परम्परागत स्रोतहरुको पूर्ण उपयोग एवं राजश्व र आम्दानीका नयाँ क्षेत्रको पहिचानद्वारा तिनको समुचित उपयोग तथा उद्देश्यपूर्ण बैदेशिक सहयोगमा अभिबृद्धि र खर्च व्यवस्थापनमा सुधार हुने हुँदा मार्गचित्रको कार्यान्वयनले काठमाडों महानगरपालिकाको आर्थिक क्षमता बढ्न जानेछ र राजधानी शहरको भौतिक, सामाजिक एवं साँस्कृतिक विकासमा यसको अनुकुल प्रभाव पर्न जानेछ।

यति हुँदा हुँदै पनि मार्गचित्र कार्यान्वयनसँग केही जटिलताहरु पनि जोडिएका छन्। पुरातन मानसिकतामा रमाएको कर्मचारी प्रशासनमा व्यावहारिक एवं दृष्टिकोणात्मक परिवर्तन ( Behavioural and Attitudinal Change ) को आवश्यकता रहेको छ। स्रोत साधनको न्यूनता उपलब्ध साधनको न्यून परिचालन र मानव संशाधनको न्यून उत्पादकत्वका कारण उत्पन्न हुन सक्ने जटिलताको समाधान खोज्नु जरुरी हुन जान्छ।

मार्गचित्रमा उल्लेखित सुधारका थुप्रै कामहरु जनपरिचालन र जनसहभागिताका आधारमा सञ्चालन गर्ने गरी तोकिएका छन्। यसका लागि स्थानीय समुदाय एवं नागरिक समाजको रुचि र जागरुकता महत्वपूर्ण हुनजान्छ। तोकिएका काममा स्थानीय जनताको सहयोग प्राप्त हुन नसकेमा यो कार्यक्रम अधुरो हुन सक्नेछ। यसका अलावा महानगरपालिकाको महानगरबासी प्रतिको दायित्वको खोजी गर्ने तर महानगरपालिका प्रतिको आफ्नो कर्तव्य बहन गर्न उत्सुकता नदेखाउने प्रबृत्तिको विद्यमानता यो कार्यक्रम कार्यान्वयनको महत्वपूर्ण चुनौती हो। कार्यक्रम कार्यान्वयनका लागि आवश्यक लगानीको ठूलो हिस्सा जनताले तिरेको कर तथा गैर कर राजश्वबाटै प्राप्त हुने हँदा राजश्व परिचालनमा जनताको सहयोग प्राप्त गर्न प्रभावकारी प्रयत्न गर्नु पर्दछ।

निश्कर्षमा भन्नुपर्दा उल्लेखित चुनौतीहरुको बुद्धिमतापूर्ण ढंगले सामना गर्दै आवश्यक स्रोत साधनको उचित व्यवस्था गरी महागनर सुधार कार्यक्रम, २०६४ कार्यान्वयन गर्न काठमाडौं महानगरपालिका प्रतिबद्ध रहेको छ। कार्यक्रम कार्यान्वयनका क्रममा प्राप्त हुने राय, सुझाव र परापर्शको लागि काठमाडौं महानगरपालिकाले सदैव ढोका खुला राख्नेछ। अतः यसको सफल कार्यान्वयनका लागि काठमाडौं महानगरपालिका सम्पूर्ण विषयगत विशेषज्ञ, सेवाग्राही एवं करदाता लगायतका सम्पूर्ण महानगरबासीको सकृय सहयोग र सहभागिताको अपेक्षा गर्दछ।


## शब्द संक्षेप

| | | |
|---|---|---|
| का.म.पा | - | काठमाडौं महानगरपालिका |
| म.सु.का | - | महानगर सुधार कार्यक्रम |
| प्र.सं.वि.वि. | - | प्रशासन तथा संगठन विकास विभाग |
| भौ.वि.नि.वि. | - | भौतिक विकास तथा निर्माण विभाग |
| भौ.सू.प्र.के. | - | भौगोलिक सूचना प्रणाली केन्द्र |
| श.वि.वि. | - | शहरी विकास विभाग |
| श.यो.आ. | - | शहरी योजना आयोग |
| ज.सा.वि.वि. | - | जनस्वास्थ्य तथा सामाजिक विकास विभाग |
| वा.व्य.वि. | - | वातावरण व्यवस्थापन विभाग |
| सु.अ.म. | - | सूचना अभिलेख महाशाखा |
| का.अ. | - | कार्यकारी अधिकृत |
| आ.व्य.वि. | - | आर्थिक व्यवस्थापन विभाग |
| सँ.स.प.म. | - | सँस्कृति, सम्पदा तथा पर्यटन महाशाखा |
| मि. शा. | - | मिडिया शाखा |
| का.म. | - | कानून महाशाखा |
| सा.नि.सा. | - | सार्वजनिक निजि साझेदारी एकाई |
| व.का. | - | वडा कार्यालय |

**धन्यवाद**

## काठमाडौं महानगरपालिका, "महानगर सुधार कार्यक्रम २०६४ को

## संचालक समिति संगठन संरचना



३५ वटै वडाहरुको रंगीन नक्शा